# श्वेतभैरवी कथाको शैली वैज्ञानिक अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग
अन्तर्गत स्नातकोत्तर तह एम.एड्. दोस्रो वर्षको नेपा.शि. ५९८
पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र


शोधकर्ता
हरि प्रसाद जोशी
क्याम्पस रोल नं. : २६
परीक्षा क्रमाङ्क : ३२९०१७७/२०६६
त्रि.वि. दर्ता नं. : ६-१-३२९-६१-२००१
श्री सिद्धनाथ बहुमुखी क्याम्पस
भीमदत्तनगर, कञ्चनपुर



२०६८

# श्री सिद्धनाथ बहुमुखी क्याम्पस

भीमदत्तनगर, कञ्चनपुर

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **"श्वेतभैरवी कथाको शैली वैज्ञानिक अध्ययन"** शीर्षकको शोधपत्र शोधार्थी हरिप्रसाद जोशीद्वारा मेरो निर्देशनमा तयार पारिएको हो । निजद्वारा मिहिनेत र लगनशीलताका साथ तयार पारिएको हुनाले यस शोधपत्रप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्र समय सापेक्ष र मौलिक भएकाले यसको उचित मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६८/      /

..............................

**शोध निर्देशक**

**उप.प्रा. उद्धवदेव भट्ट**

श्री सिद्धनाथ बहुमुखी क्याम्पस

भीमदत्तनगर, कञ्चनपुर

शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षण विभाग

भीमदत्तनगर, कञ्चनपुर

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय अन्तर्गत श्री सिद्धनाथ बहुमुखी क्याम्पस एम.एड्. नेपाली शिक्षाका छात्र हरिप्रसाद जोशीले उप-प्राध्यापक उद्धवदेव भट्ट ज्यूको निर्देशनमा शिक्षा शास्त्र स्नातकोत्तर तह नेपा. शि. ५९८ को पाठ्यांशको प्रयोजनार्थ तयार पार्नु भएको **"श्वेतभैरवी कथाको शैली वैज्ञानिक अध्ययन"** शीर्षकको शोधपत्र सम्बन्धित तहका लागि उपयुक्त भएकोले स्वीकृत गरिएको छ ।

| **शोध पत्र मूल्याङ्कन समिति** | **नाम** | **हस्ताक्षर** |
| --- | --- | --- |
| विभागीय प्रमुख | उप.प्रा. हरिश चन्द्र भट्ट | ............................... |
| शोध निर्देशक | उप.प्रा. उद्धवदेव भट्ट | ............................. |
| बाह्य परीक्षक | प्रा.डा. पारसमणि भण्डारी | ............................. |

मिति : २०६८/०३/३२

# कृतज्ञता ज्ञापन

प्रस्तुत **'श्वेतभैरवी कथाको शैली वैज्ञानिक अध्ययन'** शीर्षकको शोत्रपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षण विभाग अन्तर्गत नेपाली पाठ्यक्रमको स्नातकोत्तर तह दोस्रो वर्षको कोड नं. ५९८ पत्रको लागि तयार पारिएको हो । अनुसन्धानकर्ता सिकारू भएकाले अनुसन्धान गर्ने क्रममा केही कमी कमजोरीहरू हुन सक्छन् । तथापि यस अनुसन्धानले प्रस्तुत कथाको अध्ययन विश्लेषण तथा शिक्षण सिकाइ कार्यमा अवश्यमेव सहयोग पुग्नेछ भन्ने आशा लिएको छु ।

यस शैली वैज्ञानिक अुनसन्धानका लागि शीर्षक चयनदेखि शोध सम्पन्न हुँदासम्म शोध निर्देशकको जिम्मेवारी सहितको सहयोग प्रदान गर्नु हुने श्रद्धेय गुरू उप.प्रा. उद्धव देव भट्टज्यूप्रति सर्वप्रथम हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसैगरी यो शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने नेपाली विभाग प्रमुख श्रद्धेय गुरू उप.प्रा. खेमराज जोशी, उप.प्रा. हरिश चन्द्र भट्टका साथै पुस्तकालयबाट आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्नु हुने मित्रवर डिल्लीराज भट्टप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो अध्ययन कार्यलाई यो अवस्थासम्म बौद्धिक, मानसिक, आर्थिक रूपले सहयोग पुऱ्याउनु हुने श्रद्धेय पिताश्री गंगादत्त जोशी एवं माताश्री तुलसीदेवी जोशीप्रति म सदा सदा नतमस्तक र ऋणी रहने छु । त्यसैगरी शोध कार्य गर्नमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने मेरा मामा माइजू, दाजु भाउजू, दिदी भिनाजु, भान्जाहरू र भतिजा खगेन्द्र जोशीप्रति आभार प्रकट गर्न चाहन्छु । अझ शोध कार्य लेखनमा सहयोगी सहपाठी साथी प्रमानन्द जोशी, गंगादत्त भट्ट र द्रोपती पन्तलाई धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी सफल रूपमा कम्प्युटर टाइप गरी सहयोग गर्ने सन्तोष कम्प्युटरका प्रोपराइटर सन्तोष खड्काप्रति पनि आभार व्यक्त गर्दछु ।

अन्त्यमा यस शोध अध्ययनका क्रममा जुन लेखक, सम्पादक र प्रकाशनका सामग्रीहरू सहयोग लिएको छु, उहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद

**प्रस्तुतकर्ता**
हरिप्रसाद जोशी
स्नातकोत्तर तह, नेपाली शिक्षा विभाग
श्री सिद्धनाथ बहुमुखी क्याम्पस
भीमदत्तनगर, कञ्चनपुर

## शोधसार

नेपाली कथा साहित्यमा एक विशिष्ट र नितान्त नयाँ मान्यता एवम् प्रस्तुतीकरणमा नौलो शैली प्रणेताको नाम हो; विश्वेश्वर प्रसाद कोइराला । नेपाली कथाको आधुनिक कालका प्रणेता मध्ये एक कोइरालाको नवीन लेखन शैली, भाषिक प्रयोग, वाक्य गठन एवं रचना शिल्पबाट प्रभावित भएर उनकै स्वेतभैरवी कथा सङ्ग्रहभित्रकै श्वेतभैरवी कथाको शैली वैज्ञानिक अध्ययन गर्नका लागि शोधकर्ता उत्प्रेरित भएको हो ।

शोधपत्रको पहिलो अध्याय शोधको परिचय तथा रूपरेखामा केन्द्रित छ । यस अन्तर्गत शोधले सुल्भाउने समस्या, शोधका उद्देश्यहरू, पूर्व कार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधका क्षेत्र र सीमा, शोध गरी आवश्यक पर्ने सामग्रीहरूसँगै शोधको अध्याय योजना दिएर पहिलो अध्याय समाप्त गरिएको छ ।

दोस्रो अध्याय शैली विज्ञानको सैद्धान्तिक अवधारणामा केन्द्रित छ । यस अन्तर्गत शैलीविज्ञानको उद्भव, विकास र प्रयोगसँगै पूर्वीय र पाश्चात्य विद्वान्का मतमतान्तर उल्लेख छन् । कृति विश्लेषणको सैद्धान्तिक अवधारणाका बारेमा वृतान्त दिएर दोस्रो अध्याय टुङ्ग्याइएको छ ।

तेस्रो अध्याय श्वेतभैरवी कथाको कथानकको विश्लेषणमा केन्द्रित छ । यस अन्तर्गत कथानकको आदि, मध्य र अन्त्य भागलाई विस्तृत रूपमा विश्लेषण गरिएको छ । यसै अध्यायमा कथानकलाई प्रसिद्ध भाषा वैज्ञानिक फेट्रागको पिरामडिको आधारमा वर्गीकरण गरिएको छ । यसलाई हेर्दा कथानक सूक्ष्म भए पनि सिलसिलाबद्ध रूपमा गम्भीर विषयवस्तुको उद्घाटन भएको पाइन्छ ।

अध्याय चारमा कथामा प्रयुक्त पात्रहरूको अति सूक्ष्म ढङ्गले परिचयसँगै शैली वैज्ञानिक विश्लेषण गरिएको छ ।

अध्याय पाँचमा भाषा शैलीका आधारमा कथाको विश्लेषण गरिएको छ । विश्लेषण गर्नका लागि भाषिक चयन, विचलन र समानान्तरतालाई मुख्य आधार

बनाइएको छ । चयन अन्तर्गत भाषिक शब्दहरूसँगै लेख्य चिन्हको चयन, समानान्तरता अन्तर्गत बाह्य र आन्तरिक समानान्तरता तथा विभिन्न किसिमका भाषिक विचलनको प्रयोगलाई कथासँग तुलना गरिएको छ । यसरी हेर्दा विचलनको प्रयोग न्यून मात्रामा भएको पाइन्छ ।

यसरी भन्नु पर्दा कोइरालाको लेखन शैली, भाषिक प्रयोग, वाक्य गठन एवम् रचना शिल्प समकालीनहरूको तुलनामा धेरै पृथक रहेको छ; जसको यथार्थ जानकारी यस शोधपत्रले पस्किएको छ ।

# संक्षेपीकृत शब्द सूची

| क्र.सं. | सङ्क्षिप्त रूप | | पूर्ण रूप |
|---|---|---|---|
| ज्ञ. | उप.प्रा. | . | उप प्राध्यापक |
| द्द. | डा. | . | डाक्टर |
| घ. | नेपा.शि. | . | नेपाली शिक्षा |
| द्ध. | एम.एड्. | . | मास्टर अफ एजुकेसन |
| छ. | त्रि.वि. | . | त्रिभुवन विश्वविद्यालय |
| ट. | रोल नं. | . | रोल नम्बर |
| ठ. | वि.सं. | . | विक्रम सम्वत् |
| ड. | क्र.सं. | . | क्रम सङ्ख्या |
| ढ. | पृ. | . | पृष्ठ |
| ज्ञण. | दर्ता नं. | . | दर्ता नम्बर |
| ज्ञज्ञ. | प्रा.लि. | . | प्राइभेट लिमिटेड |
| ज्ञद्द. | वि.पी. | . | विश्वेश्वर प्रसाद |

# तालिका सूची


| | पेज नं. |
|---|---|
| तालिका नं. १ | १७ |
| तालिका नं. २ | १९ |
| तालिका नं. ३ | २८ |
| तालिका नं. ४ | २९ |
| तालिका नं. ५ | ३० |
| तालिका नं. ६ | ४१ |

# विषयसूची

## अध्याय-एक


पेज नं.

१. शोधको परिचय १

१.१ शोध शीर्षक १

१.२ शोध प्रस्ताव १

१.३ शोध समस्या १

१.४ अध्ययनका उद्देश्यहरू २

१.५ पूर्व कार्यको समीक्षा २

१.६ अध्ययनको औचित्य र महत्त्व ६

१.७ शोधको क्षेत्र र सीमाङ्कन ७

१.८ शोधको सामग्री सङ्कलन र विश्लेषण ७

१.९ शोधको अध्याय योजना ८


## अध्याय-दुई

### शैली विज्ञानको सैद्धान्तिक परिचय र कृति विश्लेषण प्रक्रिया


२.१ परिचय ९

२.२ शैली विज्ञानका परिभाषाहरू १०

२.३ शैली विज्ञानका प्रकार १२

२.४ शैली विज्ञानको सैद्धान्तिक स्वरूप र विकास प्रक्रिया १४

२.५ कृति विश्लेषणको शैली वैज्ञानिक आधार १७

२.५.१ साहित्यिक संरचना १९

२.५.२ भाषा संरचना २०

२.५.३ शैली २०


## अध्याय - तिन


३. स्वेतभैरवी कथाको कथानकको विश्लेषण २७

३.१ कथानकको परिचय २७

३.२ कथानकको विकासक्रम तालिका २९

३.३ श्वेतभैरवी कथाको कथानक विकासक्रम ३०

३.४ श्वेतभैरवी कथाको अनुच्छेद विभाजन र कथानक ३३

३.५ श्वेतभैरवी कथाको कथानकको विश्लेषण ३३

अध्याय-चार

४. पात्र योजनाका आधारमा श्वेतभैरी कथाको विश्लेषण ३७

४.१ चरित्र चित्रणका आधारहरू ३७

४.२ श्वेतभैरवी कथाका पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण ४०

४.२.१ कथाका प्रमुख पात्रहरूको विश्लेषण ४२

४.२.२ श्वेतभैरवी कथाका सहायक पात्रको विश्लेषण ४३

४.२.३ श्वेतभैरवी कथाका गौण पात्रहरू ४४

अध्याय-पाँच

भाषा शैलीका आधारमा श्वेतभैरवी कथाको विश्लेषण

५.१ परिचय ४६

५.२ भाषिक चयनका आधारमा कथाको विश्लेषण ४६

५.२.१ शब्द चयन ४७

५.२.१.१ तत्सम शब्दको चयन ४७

५.२.१.२ तद्भव शब्दको चयन ४७

५.२.१.३ झर्रा शब्दको चयन ४८

५.२.१.४ आगन्तुक शब्दको चयन ४८

५.२.१.५ नामपदको चयन ४८

५.२.१.६ सर्वनामको चयन ४९

५.२.१.७ विशेषणको चयन ४९

५.२.१.८ क्रियापदको प्रयोग ४९

५.२.२ निपातको चयन ४९

५.२.३ संयोजकको चयन ५०

५.२.४ श्वेतभैरवी कथामा प्रयुक्त लेख्य चिन्हको प्रयोग ५०
५.२.४.१ पूर्णविराम चिन्ह ( । ) ५०
५.२.४.२ अर्धविराम चिन्ह ( ; ) ५०
५.२.४.३ अल्पविराम चिन्ह ( , ) ५१
५.२.४.४ विस्मयादिसूचक चिन्ह ( ! ) ५१
५.२.४.५ प्रश्नवाचक चिन्ह ( ? ) ५१
५.२.४.६ निर्देशक चिन्ह (-) ५१
५.२.५ श्वेतभैरवी कथामा प्रयुक्त वाक्यहरूको चयन ५१
५.३ अग्रभूमि निर्माणका आधारमा कथाको विश्लेषण ५२
५.४ समानान्तरताका आधारमा कथाको विश्लेषण ५३
५.४.१ बाह्य समानान्तरता ५४
५.४.२ आन्तरिक समानान्तरता ५४
५.५ विचलनका आधारमा कथाको विश्लेषण ५५
५.५.१ कोशीय विचलन ५६
५.२.२ व्याकरणिक विचलन ५६
५.५.३ अर्थतात्त्विक विचलन ५७
५.५.४ ध्वनि प्रक्रियात्मक विचलन ५७
५.५.५ प्रयुक्ति विचलन ५८
५.५.६ भाषिक विचलन ५८
५.५.७ लेख-प्रक्रियात्मक विचलन ५८

अध्याय-छ

निष्कर्ष तथा सुझावहरु

६.१ निष्कर्ष ६०
६.२ सुझावहरु ६१
६.३ शिक्षणीय उपयोगिता ६१
सन्दर्भग्रन्थ सूची

# अध्याय-एक

## १. शोधको परिचय

### १.१ शोध शीर्षक

यस शोधपत्रको शीर्षक **'श्वेतीभैरवी' कथाको शैली वैज्ञानिक अध्ययन** रहेको छ ।

### १.२ शोध प्रस्ताव

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको विशिष्टीकरण विषय नेपा. शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ शोध समस्या

प्रस्तुत कथा 'श्वेतभैरवी' विश्वेश्वर प्रसाद कोइरालाको 'श्वेतभैरवी' कथा सङ्ग्रहमा सङ्कलित रहेको छ । प्रस्तुत कथामा नारीहरूमा विद्यमान यौन आवेग थाम्न नसकेपछि कस्तो भयानक स्वरूपमा परिणत हुन्छ भन्ने कुराको प्रस्तुति गर्ने कृति हो । शिक्षा शास्त्र सङ्कायमा अहिलेसम्म शैली वैज्ञानिक अध्ययनहरू कमै भएका पाइन्छन् । त्यसमा पनि कथा विधामा त झन् थोरै अध्ययन भएका छन् । अझ भन्नुपर्दा विश्वेश्वर प्रसाद कोइराला जस्ता मनोवैज्ञानिक यथार्थवादी कथाकारका कृतिमा कसैले अध्ययन गरेको पाइँदैन । यसकारण प्रस्तुत श्वेतभैरवी कथाको शैली वैज्ञानिक अध्ययनबाट निम्न समस्याहरू समाधान गर्ने उद्देश्यले शोधार्थी अगाडि बढेको छ :-

(क) कथानकका आधारमा कथाको प्रस्तुति कस्तो छ ?

(ख) श्वेतभैरवी कथाको पात्र योजना कसरी गरिएको छ ?

(ग) भाषिक चयन, विचलन र समानान्तरताको प्रयोग कथामा कसरी गरिएको छ ?

## १.४ अध्ययनका उद्देश्यहरू

कृति लेखनका समस्याहरूमा आधारित रहेर कथाकार विश्वेश्वर प्रसाद कोइरालाद्वारा लिखित श्वेतभैरवी कथाको शैली वैज्ञानिक अध्ययन विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो । बुँदागत रूपमा यस अध्ययनका अन्य उद्देश्यहरू निम्न रहेका छन् :-

(क) कथानकका आधारमा श्वेतभैरवी कथाको विश्लेषण गर्नु,

(ख) श्वेतभैरवी कथाका पात्रहरूलाई शैली वैज्ञानिक आधारमा वर्गीकरण र विश्लेषण गर्नु,

(ग) भाषिक चयन, विचलन र समानान्तरताका आधारमा श्वेतभैरवी कथाको विश्लेषण गर्नु ।

## १.५ पूर्व कार्यको समीक्षा

कथा विश्वमै सबैभन्दा लोकप्रिय विधा हो । नेपाली साहित्यका क्षेत्रमा दृष्टि पुऱ्याउँदा कथा विधाको आफ्नै विशिष्ट स्थान रहेको पाइन्छ । कथा विधाको समीक्षाको स्थितिलाई हेर्दा उल्लेख्य मात्रामा विश्लेषण गरेको पाइँदैन । अझ झन् शैली वैज्ञानिक अध्ययनको त धेरै खाँचो रहेको महसुस हुन्छ । कथाको कृतिपरक अध्ययन मानविकी सङ्कायतर्फ प्रचुर मात्रामा भेट्टिए पनि शिक्षा शास्त्र सङ्कायतर्फ भने न्यून मात्रामा भएको पाइन्छ ।

शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैली वैज्ञानिक अध्ययनको वि.सं. २०५६ सालमा डि.वि. थापाका 'तिन घुम्ती' उपन्यासबाट सुरू भएको छ । यस अध्ययनमा थापाले उपन्यासमा प्रयुक्त पात्रहरूको शैली वैज्ञानिक ढङ्गले सूक्ष्म विश्लेषण गर्नुका साथै फ्रेट्रागको पिरामिडको आधारमा कथानकको विश्लेषण गरेका छन् ।

वि.सं. २०५७ मा नीलमणि ढुङ्गेल शोधार्थी रहेको 'शिरीषको फूल' उपन्यासको शैली वैज्ञानिक अध्ययन भएको पाइन्छ । यसमा अध्येयताले कथानकले समेटेको

विसङ्गति र अस्तित्वको जीवन दृष्टिलाई प्रष्ट पारेका छन् । त्यसैगरी चयन, विचलन र समानान्तरताका आधारमा कथानकको विश्लेषण गरेका छन् ।

मानविकी तथा सामाजिक सङ्कायमा वि.सं. २०५८ सालमा दुर्गा प्रसाद दहालले 'नरेन्द्र दाइ' उपन्यासको शैली वैज्ञानिक अध्ययन गरेको पाइन्छ । उनले उपन्यासको शैली वैज्ञानिक आधारमा चरित्रको विश्लेषण, भाषाका आधारमा चरित्रको विश्लेषण, फ्रेट्रागको पिरामिडको आधारमा कथानकको विश्लेषण गरेका छन् ।

शैली वैज्ञानिक अध्ययनलाई निरन्तरता दिने क्रममा वि.सं. २०५९ सालमा कृष्णचन्द्र सापकोटाले 'माइतघर' उपन्यासको अध्ययन गरेका छन् । उनले पनि फ्रेट्रागको पिरामिडलाई आधार मानी चरित्र, भाषा, विचलन र समानान्तरताका आधारमा विश्लेषण गरेका छन् । आदर्शवादको धरातलमा उभिएको यथार्थवादी प्रस्तुत उपन्यासमा सामाजिक विषयवस्तु, वर्गीय पात्र र दार्जिलिङ्गको परिवेशलाई सरल भाषा शैलीमा प्रस्तुत गरे तापनि उपन्यास सामञ्जस्यमूलक रहेको प्रष्ट पारेका छन् ।

वि.सं. २०६१ सालमा राजेन्द्र खनालले 'मुग्लान' उपन्यासको शैली वैज्ञानिक अध्ययन गरेका छन् । उनले पनि फ्रेट्रागको पिरामिडलाई आधार बनाएका छन् । विभिन्न ६ अध्यायमा सङ्गठित यस शोधको पहिलो अध्यायमा परिचय, दोस्रोमा शैली विज्ञानको परिचय र कृति विश्लेषण, तेस्रोमा कथानकको विश्लेषण, चौथोमा चरित्र र पाँचौमा भाषिक अध्ययन अन्तर्गत विचलनयुक्त भाषिक प्रयोग, अग्रभूमिको सबलीकृत प्रयोग गरेका छन् ।

वि.स.. २०६१ सालमै ऋतुराज धमलाले 'अनिँदो पहाडसँगै' उपन्यासलाई कथानकका चरित्र, समानान्तरता, चयन र विचलनका आधारमा शैली वैज्ञानिक अध्ययन गरेका छन् ।

२०६२ मा तीर्थ गौतमले 'अश्वत्थामा' गीति नाटकको २०६२ मै बीरेन्द्र बुढाथोकीले 'राजेश्वरी' खण्ड काव्यको शैली वैज्ञानिक अध्ययन गरेका छन् ।

भवानी राज शर्माले वि.सं. २०६३ सालमा ध्रुव चन्द्र गौतमको प्रयोगवादी उपन्यास 'अलिखित' को शैली वैज्ञानिक अध्ययन गरेका छन् । यसमा शर्माले

उपन्यासमा प्रयुक्त भाषा, भाषिक विचलन, पात्रहरूको छनौट र कथानक आदिलाई गहिरो ढङ्गबाट विश्लेषण गरेका छन् ।

वि.सं. २०६३ मा कविता पन्थीले 'वसाइँ' उपन्यासको शैली वैज्ञानिक अध्ययन गर्दै उपन्यासमा प्रयुक्त भाषा, पात्र र कथानकको विश्लेषण गरेकी छिन् यसमा उनले सामन्ती र शोषकहरूका कारण उत्पन्न त्रास, भाषिकाको प्रयोग, आञ्चालिकता, बिम्ब, प्रतीक, समानान्तरता आदिको विश्लेषण गरेकी छिन् । नाटकका क्षेत्रमा वि.सं. २०६३ मा 'यो प्रेम' नाटकको शैली वैज्ञानिक अध्ययन प्रतिक्षा निरौलाले गरेको पाइन्छ ।

वि.सं. २०६३ सालमै छवि नेपालले लैनसिंह वाङ्देलद्वारा लिखित अति यथार्थवादी उपन्यास 'लङ्गडाको साथी' को शैली वैज्ञानिक अध्ययन गरी उपन्यासको झिनो कथानकलाई फ्रेट्रागको पिरामिडको आधारमा देखाउँदै मानवीय र मानवेत्तर चरित्रहरूको शैली वैज्ञानिक विश्लेषण गरेका छन् ।

वि.सं. २०६४ सालमा प्रतिक्षा निरौलाले 'यो प्रेम' नाटकको यमनाथ भण्डारीले 'पापिनि आमा' खण्ड काव्यको शैली वैज्ञानिक अध्ययन गरेका छन् ।

यसै क्रमलाई निरन्तरता दिन वि.सं. २०६४ सालमै इन्द्र बहादुर बमले 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको शैली वैज्ञानिक अध्ययन गरेका छन् । उनले कथानकलाई फ्रेट्रागको पिरामिडका आधारमा भाषा शैली र पात्रहरूलाई आधार बनाई विश्लेषण गरेका छन् ।

यसरी हेर्दा कथा विधामा शैली वैज्ञानिक अध्ययन न्यून मात्रामा भएको पाइन्छ । यस परम्परालाई जीवन्त रूप दिने शोधार्थी रोहिता निरौला हुन् । उनले वि.सं. २०६४ सालमा गुरू प्रसाद मैनालीद्वारा लिखित 'नासो' कथा सङ्ग्रहको 'नासो' कथामा शैली वैज्ञानिक अध्ययन गरेको पाइन्छ । यस अध्ययनमा शैली विज्ञानको सैद्धान्तिक परिचय, कथाको सैद्धान्तिक अवधारणा र विश्लेषणका आधारमा, संरचनात्मक पक्षको आधारमा 'नासो' कथाको विश्लेषण, साहित्यिक संरचना, चयन, समानान्तरता र विचलनका आधारमा उक्त कथाको शैली वैज्ञानिक अध्ययन गरेको पाइन्छ ।

त्यसैगरी कथाको शैली वैज्ञानिक अध्ययनलाई अगाडि बढाउने क्रममा २०६४ सालमै रमेश खड्काले 'अभागी' कथाको अध्ययन गरेका छन् । उनले कथानकलाई फ्रेट्रागको पिरामिडमा देखाउँदै कृतिको चरित्र, भाषा, चयन, विचलन र समानान्तरताका आधारमा कथाको अध्ययन गरेका छन् ।

त्यसैगरी द्रोपती पन्तले वि.सं. २०६७ सालमा 'पहेंलो गुलाफ' कथाको अध्ययन गरेको पाइन्छ । यस अध्ययनमा कथानकलाई फ्रेट्रागको पिरामिडका आधारमा विश्लेषण गर्दै चरित्र, भाषा, विचलन र समानान्तरताका आधारमा कथाको शैली वैज्ञानिक अध्ययन गरेकी छिन् ।

यस्तै प्रकारले अगाडि बढेको शैली वैज्ञानिक अध्ययन परम्परामा थोरै मात्र कृतिहरूको विश्लेषण भएको पाइन्छ । त्यसमा पनि कथा विधाको अध्ययन अझ न्यून भएको पाइन्छ । कुनै पनि कृतिको भाषा, पात्र, कथानक, प्रवृत्ति र सिद्धान्तलाई गहन रूपले बुझी त्यसै अनुरूप प्रभावकारी ढङ्गले शिक्षण गर्न कथा विधाको अध्ययन ज्यादै महत्त्वपूर्ण मानिन्छ ।

नेपाली साहित्यका क्षेत्रमा मनोवैज्ञानिक यथार्थवादी कथाकार विश्वेश्वर प्रसाद कोइरालाका कुनै पनि कथाको शैली वैज्ञानिक कोणबाट अध्ययन नगरिएको पाइएकाले प्रस्तुत श्वेतभैरवी कथाको अध्ययन गर्ने जमर्को गरिएको हो । स्नातकोत्तर तह प्रथम वर्ष (एम.एड्.) को पाठ्यक्रममा समावेश भएको उक्त कथा प्रस्तुति, विषयवस्तु र भाषा प्रयोगका दृष्टिले पृथक भएकाले यसको अध्ययन उपयुक्त हुने देखिन्छ । उनको यस कथाका बारेमा अहिलेसम्म कसैले पनि सूक्ष्म वा विस्तृत कुनै रूपमा चर्चा गरेको पाइँदैन ।

यस कथामा यौन नै जीवनको उर्जा भएको र यौनलाई मानसिक र नैसर्गिक कार्यव्यापार ठानी मानिसको अचेतन मनमा दमित यौनेच्छालाई प्रभावकारी रूपमा देखाइएको छ । यौन कुण्ठालाई तृप्त गर्न मान्छेले नैतिक, सामाजिक कर्तव्य र संस्कारलाई समेत बिर्सन पुग्छ भन्ने कुरा सोह्रवर्षे फगुनीले एघाह्र वर्षे सानो बाबुमाथि झम्टेबाट थाहा हुन्छ ।

विशिष्ट कथानक, नवीन भाषा शैली, भाषिक विचलन र सटीक पात्रहरूको प्रयोग भएको यस कथाले नर नारीका बिच प्रचलित एक आपसको आकर्षणको मूलकारण यौन हुने हुँदा यिनीहरू चेतन अचेतन दुवै अवस्थामा त्यसैको खोजीमा सङ्लग्न रहन्छन् भन्ने कुरालाई देखाउँदै यस्ता कार्यले व्यक्तिको मानमर्यादा, सामाजिक प्रतिष्ठा र कर्तव्यमा समेत आँच आउने कुराको चित्रण गरी उत्कृष्टताको शिखरमा उभिन पुगेको छ । अझ नारीहरूमा पुरूषभन्दा छ गुणा लजालुपन हुँदाहुँदै उसमा यौनेच्छा दमित हुँदै जाँदा समय र अवसर पाएपछि भैरवी जस्तै उग्ररूप भएर बाहिर प्रकट हुन्छ ।

उपर्युक्त तथ्यहरूका आधारमा यस कथाको शैली वैज्ञानिक अध्ययन गर्नु आवश्यक ठानी शोधार्थी यस विषयमा अध्ययन गर्न उत्प्रेरित भएको हो ।

## १.६ अध्ययनको औचित्य र महŒव

भाषा र साहित्य एक अर्काका परिपूरक मानिन्छन् । कुनै पनि साहित्यिक कृतिको सङ्गठित, व्यवस्थित र वस्तुगत अध्ययन विश्लेषणका निम्ति शैली वैज्ञानिक अध्ययन महत्त्वपूर्ण पक्ष मानिन्छ । डा. हेमाङ्गराज अधिकारीका अनुसार 'आजको शैली विज्ञान भाषा विज्ञानको प्रायोगिक शाखा मात्र नभएर एउटा स्वतन्त्र विधाका रूपमा विकसित भएको छ ।' अत: शैली वैज्ञानिक अध्ययन भनेको भाषा विज्ञानको एउटा शाखा हो भने यसको नितान्त प्रयोग क्षेत्र साहित्य हो ।

प्राचीन समयमा जसरी महाकाव्यले महत्त्व पाएझैँ वर्तमानमा कथा विधाले पाएको छ । साथै अहिले यो निकै लोकप्रिय र विकसित विधाको रूपमा देखा परेको छ । भनिन्छ कथा आधुनिक युगको गद्य विधा हो । कथालाई विभिन्न दृष्टिकोणले चिरफार गरी अध्ययन गर्नुका साथै आनन्द प्राप्ति र वैयक्तिक प्रतिभा प्रष्फुटन गरी नवीन कृति सिर्जना गर्ने क्षमता बढाउनुमा नै कथा विधा अध्ययनको औचित्य र महत्त्व रहेको पाइन्छ ।

यस अध्ययनको औचित्य र महत्त्व बुँदागतरूपमा निम्नानुसार रहेको छ :-

(क) व्यक्तिको मानसिक, बौद्धिक, सामाजिक एवम् अन्य विभिन्न पक्षको क्षमतालाई प्रष्फुटन, विकास, विस्तार तथा परिष्कार गर्न,

(ख) साहित्य समाजको दर्पण भएकाले यसमा समाजको यथार्थ चित्रण गरिएको हुन्छ । यसबाट बौद्धिक तथा सामाजिक ज्ञान प्राप्त गरी समाजको उत्थान गर्न,

(ग) कथाको विस्तृत र गहिरो अध्ययन गरी शिक्षण कार्य सरल, सहज र प्रभावकारी ढङ्गले गर्न,

(घ) कथा र कथाकारको उपयुक्त समीक्षा र समालोचना गरी कथा शिक्षणलाई तथ्यपूर्ण र वैज्ञानिक रूपमा अगाडि बढाउन,

(ङ) भावी शोधकर्तालाई कथा सम्बन्धी शोध गर्न शैली वैज्ञानिक अध्ययन अफ औचित्यपूर्ण देखिन्छ ।

कुनै पनि कृति र कृतिकारको शैली वैज्ञानिक ढङ्गले विश्लेषण एवम् मूल्याङ्कन गरी शिक्षण गरिएमा यस्तो शिक्षण वास्तविक, वैज्ञानिक, वस्तुपरक प्रभावकारी र व्यवस्थित हुने हुँदा शैली वैज्ञानिक अध्ययनको विशिष्ट महत्त्व रहेको छ ।

## १.७ शोधको क्षेत्र र सीमाङ्कन

प्रस्तुत शोधकार्य 'श्वेतभैरवी' कथा निम्न सीमाक्षेत्रमा आधारित रहेको छ :-

(क) शैली विज्ञानको चिनारी,

(ख) श्वेतभैरवी कथाको कथानकको विश्लेषण,

(ग) श्वेतभैरवी कथाका पात्रहरुको शैली वैज्ञानिक अध्ययन,

(घ) भाषिक, चयन, विचलन र समानान्तरताका आधारमा कथाको विश्लेषण ।

## १.८ शोधको सामग्री सङ्कलन र विश्लेषण

यस शोधको प्रयोजनका लागि सामग्री सङ्कलनका क्रममा मुख्य रूपमा पुस्तकालयीय विधिलाई अँगालिएको छ । साथै भाषागत एवं संरचनागत शैली वैज्ञानिक विश्लेषणात्मक पद्धतिको समेत प्रयोग गरिएको छ ।

शोधका स्रोतहरू यसप्रकार रहेका छन् :-

(क) **प्राथमिक स्रोत -** 'श्वेतभैरवी' कथासङ्ग्रह ।

(ख) **द्वितीयक स्रोत -** विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरू साथै प्रकाशित तथा अप्रकाशित शोध प्रबन्धहरू ।

## १.९ शोधको अध्याय योजना

यस शोधको अध्याय योजना निम्नानुसार रहेको छ :-

अध्याय - एक : शोध परिचय

अध्याय - दुई : शैली विज्ञानको सैद्धान्तिक मान्यताका आधारमा कृति विश्लेषण प्रक्रिया

अध्याय - तिन : श्वेतभैरवी कथाको कथानकको विश्लेषण

अध्याय - चार : पात्र योजनाका आधारमा श्वेतभैरवी कथाको विश्लेषण

अध्याय - पाँच : भाषा शैलीका आधारमा श्वेतभैरवी कथाको विश्लेषण

अध्याय - छ : निष्कर्ष तथा सुझाबहरु

# अध्याय-दुई

## शैली विज्ञानको सैद्धान्तिक मान्यताका आधारमा कृति विश्लेषण प्रक्रिया

### २.१ परिचय

शैली भनेको ढङ्ग, तरिका र रीति हो । विषय व्यक्ति, प्रयोजन, परिवेश आदिले गर्दा शैलीमा विभिन्नता देखा पर्छ । भाषाको अभिव्यक्तिमा पाइने यस्तै शैलीगत विविधता सम्बन्धी भाषा वैज्ञानिक अध्ययनलाई शैली विज्ञान भनिन्छ । (अधिकारी, २०६२ : पृष्ठ २६१)

शैली विज्ञानमा भाषा वैज्ञानिक दृष्टिले साहित्य वा साहित्येतर कृतिको अध्ययन हुन्छ । शैली विज्ञानलाई साहित्यिक भाषा विज्ञान, साहित्यिक शैली विज्ञान, प्रयोगात्मक समीक्षा, शैली वैज्ञानिक आलोचना, साहित्यको संरचनात्मक व्याख्या, साहित्यको शैली वैज्ञानिक आलोचना आदि नामहरूले पनि चिनिन्छ । शैली विज्ञानलाई भाषा विज्ञान र साहित्य शास्त्रको मिलन बिन्दु पनि भनिन्छ । (शर्मा, २०५९: पृष्ठ २)

शैली भनेको विशिष्ट किसिमको भाषिक प्रयोग हो । भाषाको ललितकलात्मक प्रयोग भएको विधालाई साहित्य भनिन्छ । यहाँ शैली भन्नाले भाषिक कलाका रूपमा रहेको साहित्य नै भन्ने बुझिन्छ भने शैली विज्ञान भन्नाले त्यसै भाषिक कला वा साहित्यको विवेचना र विश्लेषण गर्ने नियम संहिता भन्ने बुझिन्छ । (भण्डारी, २०५४: पृष्ठ ५७)

'शैली विज्ञान' अङ्ग्रेजी शब्द क्तथष्कितष्अक को नेपाली रूपान्तरण हो । अङ्ग्रेजी क्तथष्कितष्अक शब्द क्तथभि(ष्कत र ष्अक जोडिएर निर्माण भएको हो । उन्नाइसौँ शताब्दीको प्रारम्भमा सर्वप्रथम जर्मनमा क्तषष्अतष्प शब्दको प्रयोग भएको पाइन्छ । सन् १८६२ मा फ्रान्सेली भाषामा क्तथष्कितष्त्रगभ को प्रयोग भयो भने सन् १८८२ मा आएर सर्वप्रथम क्तथष्कितष्अ शब्दको प्रयोग भएको पाइन्छ । शैली विज्ञान समस्त शब्द हो । शैलीको विज्ञान भन्ने शब्दहरूबाट समास भएर शैली विज्ञान शब्दको निर्माण भएको हो; जसको सामान्य अर्थ शैलीको अध्ययन गर्ने विज्ञान हुन्छ भने विशिष्ट रूपमा शैली

विज्ञान भाषाका माध्यमबाट गरिने वस्तुनिष्ठ आलोचना प्रणालीलाई बुझाउँछ । (शर्मा, २०४८: पृष्ठ १३)

## २.२ शैली विज्ञानका परिभाषाहरू

शैली विज्ञानका विषयमा विद्वान्हरू बिच मतेक्य पाइँदैन । शैली विज्ञान सम्बन्धी विभिन्न विद्वान्हरूले प्रकट गरेका छन् । ती मध्ये केही मतहरू तल प्रस्तुत गरिएका छन् :-

(क) **चार्ल्सवालीका अनुसार** - 'शैली विज्ञानको कार्य व्यवस्थित भाषाका अभिव्यक्तिहरूको अध्ययन हो । जुन अध्ययन त्यसमा निहित प्रभावकारी तत्त्वहरूका आधारमा गरिन्छ अर्थात् भाषाका माध्यबाट हुने संवेदनशीलतामा आधारित भाषा व्यापारको अध्ययन गर्नु नै शैली वैज्ञानिक अध्ययन हो ।' (लभ भ्लचखष्कत ज्ञढटद्धस्एबनभ ज्ञद्ध०

(ख) **डेभिड क्रिस्टलका अनुसार** - शैली विज्ञान भाषा विज्ञानकै एउटा शाखा हो । जस अन्तर्गत भाषाका विशेषताहरूको अध्ययन गरिन्छ; जसलाई छुट्टाछुट्टै परिस्थितिमा बिल्कुल बेग्लै किसिमले प्रयोग गरिएको हुन्छ र यसले त सिद्धान्तहरू स्थापित गर्ने प्रयास गर्दछ, जसले व्यक्ति वा सामुहिक रूपमा प्रकट हुने समूहहरूले आफ्नो भाषा प्रयोगका सन्दर्भमा किन खास किसिमको छनोट गरेका हुन्छन् भन्ने कुरा स्पष्ट पार्दछ । ९ऋचथकतर्बा ज्ञढढटस् एबनभ घटड०

(ग) **टर्नरका अनुसार** - शैली विज्ञान साहित्यिक (कथ्य) भाषाका विविध प्रयोगहरूको अध्ययन र विश्लेषणमा केन्द्रित रहन्छ । जानाजान गरिएका विशिष्ट भाषिक प्रयोगहरूको साथमा यसले सूक्ष्म र जटिल प्रयोगहरूको पनि विवेचना गर्छ । ( बराल र अन्य २०५५:८०९)

(घ) **रोजर फाउलरका अनुसार** - शैली विज्ञानले साहित्यमा भाषिक संरचनाहरूको अभिप्रायले पाएको आफ्नो संरचना र त्यसको उत्पादन तथा ग्रहणको सामाजिक

संस्थागत तथा विचारधारात्मक स्थितिहरूका बिचको नातेदारी प्रकार्यका विषयमा स्पष्ट पार्दछ । (फाउलर, १९९२ : १२५)

(ङ) **रवीन्द्रनाथ श्रीवास्तवका अनुसार** - शैली विज्ञान आलोचनाको सिद्धान्त पनि र प्रणाली पनि । सिद्धान्तका रूपमा यसको दृष्टि भाषावादी हुन्छ । भाषावादी सिद्धान्त शाब्दिक कला हो र कृतिका रूपमा साहित्यिक रचना भाषाको आफ्नो सीमामा बाँधिएको एक स्वनिष्ठ एकाइ हो भन्ने रहेको छ । उनी साहित्यिक कृतिले भाषाको अभिव्यक्तिको माध्यम मात्र बनाउँदैनन् बरू स्वयं भाषाभित्र आफ्नो जन्म धारण गर्दछन् । (श्रीवास्तव सन् १९९२)

(च) **मोहनराज शर्माका अनुसार** - शैली विज्ञानले साहित्यिक कृतिको संरचना, वनोट आदिलाई खोतल्छ र विश्लेषणद्वारा अन्तर्निहित कला, सौन्दर्य र साहित्यिकताको उद्घाटन गर्दछ । (शर्मा २०४८ : १३)

(छ) **घनश्याम नेपालका अनुसार** - भाषा विज्ञानको सहयोग लिएर साहित्यको शैलीपरक अध्ययन गर्ने विधा नै शैली विज्ञान हो; जसको पद्धति भाषापरक र दृष्टि कलापरक छ । (नेपाल, सन् १९९२ : ३२)

(ज) **कृष्ण गौतमका अनुसार** - शैली विज्ञान कृति केन्द्रित हुन्छ र शाब्दिक संरचनालाई अध्ययनको विषय बनाउँछ । (गौतम, २०५०: ३२६)

(झ) कुनै विषयमा प्राप्त गरिने विशेष प्रकारको ज्ञान विज्ञान हो भने काम गराइको ढाँचा, सिप, छाँट, तरिकालाई शैली भनिन्छ । (नेपाली शब्द सागर, शर्मा, वसन्तकुमार : २०५७)

उपर्युक्त विभिन्न परिभाषाको आधारमा शैली विज्ञानलाई निम्नानुसार चिनाउन सकिन्छ । कुनै पनि कृति वा सामग्रीको भाषा वैज्ञानिक उपकरणका माध्यमबाट गरिने वस्तुपरक र कृति केन्द्रित समालोचना पद्धति नै शैली विज्ञान हो । व्यापक रूपमा शैली विज्ञान भाषा विज्ञानको प्रायोगिक पक्ष हो; जसले भाषाका प्रत्येक प्रकार एवम्

प्रयोगको अध्ययन विश्लेषण गर्दछ । यसले भाषाको सिर्जनात्मक शक्तिमाथि जोड दिन्छ । शैली विज्ञानमा भाषालाई आधारका रूपमा र भाषाको सिर्जनात्मकतालाई आधेय तत्त्वका रूपमा स्वीकारिन्छ । शैली विज्ञान भाषाको सामाजिक प्रकार्यको अध्ययन भएकाले यसले सम्प्रेषणमा कुन भाषिक एकाइ आउँछ र कसरी सन्देश सुव्यवस्थित हुन्छ भन्ने कुरामा विभिन्न परम्पराहरूको प्रभावलाई स्पष्ट पार्दछ । यसप्रकारको शैली विज्ञान भाषा विज्ञानको महत्त्वपूर्ण अङ्गका रूपमा भाषाको प्रयोजनमूलक प्रयोगहरूको अध्ययनसँग सम्बन्धित रहेको हुन्छ ।

## २.३ शैली विज्ञानका प्रकार

शैली विज्ञानका प्रकारलाई निम्न लिखित आधारमा वर्गीकरण गर्न सकिन्छ :-

(क) पद्धतिका आधारमा

(ख) ज्ञानानुशासनका आधारमा

(क) पद्धतिका आधारमा - यस आधारमा शैली विज्ञान निम्न चार प्रकारका हुन्छन् ।

### अ) वर्णनात्मक शैली विज्ञान

वर्णनात्मक शैली विज्ञानको अवधारणा चार्ल्स बालीबाट भित्रिएको हो । यसलाई भाषिक प्रतीकहरूको प्रभावी मूल्यहरूको अध्ययन भनिन्छ । चार्ल्स बाली ती भाषिक मूल्यहरूको अध्ययन गर्दछन् जसबाट शैली सम्भव हुन्छ । बालीका अनुसार शैली सन्देशको सम्पत्ति हो ।

### आ) तुलनात्मक शैली विज्ञान

एउटा पाठसँग दोस्रो पाठका विभिन्न स्तरगत भिन्नता र समानताको पहिचान गर्नु तुलनात्मक शैली विज्ञानको विशेषता हो । यो उद्गम एवम् सम्बन्धन विषयक साहित्येतिहासिक अध्ययनमा संरचनात्मक समानताको ओज र त्यसको रेखाङ्कन गर्नमा सहायक हुन्छ ।

इ) साङ्ख्यकीय शैली विज्ञान

यसले साहित्यिक पाठहरूमा रहेको शैलीको आनुपातिक वर्णन विवरणको कार्य सम्पादन नगरी भाषाका नियमहरूको व्याख्या गर्दै मूलतः शैली विज्ञानको सिद्धात पक्षलाई नै प्रकट गर्छ । यसको मूल आधार साङ्ख्यकी हो । यसमा कम्प्युटरको सहायता लिइन्छ । आधुनिक युगमा सन् १८५१ बाट साङ्खिकीय अध्ययनको सामान्य परम्पराको सुरूवात भएको पाइन्छ ।

(ख) ज्ञानानुशासनका आधारमा

यस आधारमा शैली विज्ञान निम्न चार प्रकारका हुन्छन् :-

अ) साहित्यिक शैली विज्ञान

साहित्य भाषाको विशिष्ट स्वरूप भएकाले यसको व्याख्या विश्लेषण भाषा वैज्ञानिक दृष्टिले गर्न सकिन्छ । यसै धारणाका आधारमा गरिने साहित्यिक रचनाहरूको छनोट, संयोजन, प्रस्तुति र तिनको समग्रताको परिशीलनबाट साहित्यिक रचनाहरूका उत्कृष्टताका आधारहरू पहिल्याउन सकिने हुन्छ । साहित्यिक अध्ययनबाट विशिष्ट छनोट भएका आलोचनात्मक प्रक्रियाको प्रमुखता यहाँ द्रष्टव्य हुन्छ । यस प्रकारका शैली विज्ञानमा विश्लेषक गहन तहमा अन्तर्निहित अर्थसँग जोडिन्छ; जसले उसलाई शैलीसँग जोड्छ ।

आ) भाषा वैज्ञानिक शैली विज्ञान

यले साहित्यिक पाठहरूका लागि भाषा वैज्ञानिकसँग तथा वाचिक पाठकहरूका लागि शैलीसँग वर्णनलाई निरूत्पत्ति गर्दछ । यसले गैर विशेषज्ञहरूका लागि क्षमता र निष्पत्ति, ल्याङ्ग र व्यारोल, पद्धति र कार्यान्वयनका बिच अनिश्चित सूत्रलाई जोड्न र सन्तुलित गर्नका लागि ज्यादै सहयोग गर्दछ । भाषा वैज्ञानिक शैली विज्ञानले व्यवस्थापरक, रूपान्तरक, प्रजनक जस्ता विभिन्न विश्लेषण प्रतिमान प्राप्त गरेको छ । यसका आधारमा साहित्यिक पाठको विश्लेषणलाई आधिकारिक वस्तुनिष्ठ र वैज्ञानिक

बनाएका लागि रोमन याकोव्सन, लिबिन, चम्स्की, हऱ्यालिडे, फाउलर आदिका विवेचनाबाट यस शैली विज्ञानको उदय भएको हो ।

इ) संरचनात्मक शैली विज्ञान

यस शैली विज्ञानमा संरचनात्मक अधिकताको अध्ययन गरिन्छ । कला प्रतीकका स्तरमा जहाँ रचनाको संरचनालाई विश्लेषण गरिन्छ, त्यहाँ रचनाको संरचनाले सङ्कल्पनाहरूलाई लिएर हिँड्छ । यसमा एउटा पूर्णताको हुन्छ र दोस्रो स्वायत्तताको । पूर्णताको आशय काव्य कृतिका रूपमा एकाइका पूर्ण वा अङ्ग रूप हुनु हो ।

ई) मार्क्सवादी शैली विज्ञान

यसको मूल आधार मार्क्सवादी आलोचनाको भाषा केन्द्रित प्रतिमान हो । मिखाइल ब्रेख्तनले पाठको भाषामाथि विचार गरेर यस मीमांशलाई शैली विज्ञान नाम दिए । मार्क्सवादी शैली विज्ञानले अमूर्त रूपवाद र अमूर्त विचारधारावादका बिचको अन्तराल पुर्ने प्रयास गर्दछ । मार्क्सवादी शैली विज्ञानलाई साहित्य रूपहरूको शैली विज्ञानका रूपमा पनि चिनिन्छ । मार्क्सवाद र संरचनावादको समन्वय मार्क्सवादी शैली विज्ञानकै परिणाम हो । यसको कार्य मुख्यतः कथा वा उपन्यास जस्ता साहित्यिक रूपको शैलीलाई सामाजिक संदृष्टिसँग मिलाएर रेखाङ्कित गरी त्यसको विवेचना गर्नु हो ।

## २.४ शैली विज्ञानको सैद्धान्तिक स्वरूप र विकास प्रक्रिया

भाषा विज्ञानका विभिन्न शाखाहरूमध्ये एक महत्त्वपूर्ण शाखा शैली विज्ञान हो । यो आधुनिक र नवीन शाखा हो । तैपनि यसको आधारभूमि पूर्वीय र पाश्चात्य मान्यता नै हुन् ।

शैली विज्ञान दृष्टिकोणको चर्चाको क्रममा पूर्वीय परम्परागत चिन्तन पाश्चात्य मान्यताभन्दा अगाडि देखा परको पाइन्छ । पूर्वमा आचार्य भरतभन्दा पहिले शैलीको चर्चा ऋग्वेदमा भएको पाइन्छ । प्रसिद्ध व्याकरणाचार्य पाणिनिले अष्टाध्यायी

व्याकरणात्मक कृति मार्फत भाषिक अध्ययन विश्लेषणको आधार प्रदान गरेको पाइन्छ । त्यसैगरी अन्य आचार्यहरूमा भामहले अलङ्कारका रूपमा, आनन्दबर्द्धनले ध्वनिवादका रूपमा, वामनले रीति र गुणका रूपमा शैली विज्ञानको प्रयोग गरेका छन् । पूर्वीय परम्परा अन्तर्गत कुन्तकले बक्रोक्तिवाद, क्षेमेन्द्रले औचित्यवादको स्थापना गरेर भाषिक प्रयोगका रूपमा शैली वा तरिकाको आ-आफ्नै ढङ्गले चर्चा गरिएको पाइन्छ । यसरी शाबिदक रूपमै शैली विज्ञानको प्रयोग र प्रारम्भ नभए पनि विभिन्न मान्यता र धारणाहरू मार्फत यसलाई प्रयोगमा ल्याइएको पाइन्छ ।

त्यसैगरी महिम भट्टले शैलीको बोध सहृदयको अनुमान क्षमतामाथि निर्भर भएको मानेका छन् । उनका अनुसार अनुमान बोधमा अभ्यस्त सहृदयहरूलाई शैलीको बोध शीघ्र हुन जान्छ । अलङ्कार, गुण, रीति, ध्वनि, वक्रोक्ति, रस, औचित्य आदि सबै सिद्धान्तहरू शैलीकै सन्दर्भमा विकसित भएका छन् । यसर्थ संस्कृत साहित्यलाई विशुद्ध रचनाको शैलीशास्त्र मानिन्छ । पूर्वीय साहित्य शास्त्रले रचनाको भाषाको मात्र विश्लेषण नगरेर रचनाको सम्पूर्ण विधानको समेत विवेचना गरेको छ । त्यसैले यसमा वर्णदेखि वाक्यसम्मको विविधताको पनि वर्णन हुन्छ । वाक्यबाट प्रकरण र प्रबन्धसम्मको विवेचना पनि हुन्छ । अतः संस्कृत साहित्य शास्त्र काव्य भाषाको शास्त्र मात्र होइन काव्य शील्पको शास्त्र पनि हो; जसमा भाषा शील्प पनि समाहित हुँदै गएको छ । वास्तवमा शैली नै व्यक्ति हो अर्थात् शैलीको विशिष्टता नै व्यक्तिको विशिष्टता हो ।

पाश्चात्य साहित्य शास्त्रमा शैली विज्ञान वस्तुपरक चिन्तनको आधार ग्रहण गरिएको नवीन समीक्षा सिद्धान्त हो । सर्वप्रथम उन्नाइसौं शताब्दमिा जर्मनीमा यसको प्रयोग भएको थियो । त्यसपछि फ्रान्सेली र अङ्ग्रेजी भाषामा यसको प्रयोग गरियो । शैली विज्ञानलाई अधुनातन स्वतन्त्रता ज्ञानका रूपमा विवेचना गरी प्रतिस्थापित गर्ने काम भएको छ । यस नवीन चिन्तन धारणाको विकास र प्रसारको यात्रा जर्मनी, फ्रान्स, रूस, स्पेन, अमेरिका, ब्रिटेन आदि मुलुक हुँदै वर्तमानमा अन्तर्राष्ट्रिय जगत्मा ख्याति प्राप्त गरेको छ ।

पाश्चात्य साहित्य शास्त्रमा शैलीका सम्बन्धमा सामान्य चर्चाहरू त अरस्तु पूर्वका साहित्य शास्त्रीहरूले पनि गरेका थिए तर शैलीको व्यापक विवेचना सर्वप्रथम अरस्तुले नै गरेका थिए । अरस्तुले कथानक, रङ्गविधान, चरित्र, कार्य, शैली आदि काव्य तत्त्वहरूको संरचनाको विश्लेषण पोएटिक्स भन्ने आफ्नो ग्रन्थमा प्रस्तुत गरे ।

आधुनिक समयमा भाषा विज्ञानको प्रवर्तन गर्ने सस्युर नै शैली विज्ञानका प्रवर्तक मानिन्छन् तापनि शैली विज्ञानको विकासमा उनका चेला चाल्सबालीको योगदान महत्त्वपूर्ण मानिन्छ । त्यसैगरी शैली विकासको एउटा महत्त्वपूर्ण मोड साहित्यिक समालोचनाका सौन्दर्य शास्त्री क्रोचेको अभिव्यञ्जनवादी दृष्टिकोणबाट प्रभावित देखिन्छ । यस धाराका प्रखर विद्वान् लिओ स्पिट्जर मानिन्छन् । यिनले भाषालाई कलात्मक सौन्दर्य सिर्जनाको साधन मानेका छन् ।

शैली विज्ञानको अर्को प्रमुख मोडमा चम्स्कीको रूपान्तरण व्याकरणको भाषा वैज्ञानिक पृष्ठभूमि र प्रभावभित्र साहित्यको विश्लेषण गर्ने प्रयासमा देख्न सकिन्छ । यस अन्तर्गत साहित्यिक अभिव्यक्तिलाई संरचनात्मक, साङ्खिकीय परिमाणात्मक ढङ्गले मात्र नभई बाह्य र आन्तरिक संरचनाका आधारमा विश्लेषण गर्न थालियो ।

शैलीकै सम्बन्धमा प्लेटो भन्दछन् - 'जब विचारलाई तात्त्विक रूपाकार दिइन्छ तब शैलीको उदय हुन्छ । त्यस्तै फ्रान्सेली उपन्यासकार स्तनथलको मत अनुसार शैलीको अस्तित्व यसमा निहित गरी दिएको विचारका साथ ती सम्पूर्ण परिस्थितिलाई जोड दिन्छ; जुन विचारबाट प्राप्त प्रभावलाई सम्पूर्णतामा उत्पन्न गर्न सकिन्छ । यसैसँग मिल्दोजुल्दो विचार बनार्डशाले व्यक्त गरेका छन् । उनले प्रभावपूर्ण अभिव्यक्ति नै शैली अर्थ र इति हो भनेका छन् ।

वर्तमान समयको शैली विज्ञान भाषा विज्ञानको प्रायेगिक शाखा मात्र नभएर एउटा स्वतन्त्र विधाका रूपमा विकसित भएको छ । यो भाषा विज्ञान साहित्य शास्त्रको सङ्गमस्थल र भाषा वैज्ञानिक साहित्य समालोचनाका रूपमा प्रतिष्ठित विधा भइसकेको छ । यस्तै शैली विज्ञान साहित्यको भाषा तात्त्विक अध्ययन जस्तो संरचावादी दृष्टिबाट सुरू भए पनि कृतिपरक अभिव्यक्तिमा पाइने भाषिक सामग्रीको

उपयोग क्षेत्र, त्यसको क्षमतागत गहनता र विस्तारको साङ्खिकीय अध्ययनका रूपमा पनि विकसित भएको पाइन्छ । त्यसैगरी उत्तरवर्ती शैली विज्ञान प्रतीक विज्ञान, सामाजिक भाषा विज्ञान, मनोभाषा विज्ञान, सङ्कथन विज्ञान र प्रकरणार्थ विज्ञान सम्बन्धी अध्ययनका सुझबुझबाट समेत प्रभावित हुँदै गएको देखिन्छ ।

शैली विज्ञानको कृति विश्लेषण प्रक्रिया अनुसार यसले कुनै पनि कृतिको बाह्य पक्षको विश्लेषण गर्दै त्यसको आन्तरिक पक्षतिर अघि बढ्छ र त्यसभित्र रहेको सौन्दर्य पक्षलाई उजागर गर्ने प्रयत्न गर्छ । शैली विज्ञानको समालोचनात्मक प्रकृति नै कृतिको बाह्यतलबाट गहनतलमा प्रवेश गर्ने गरेको छ ।

"शैलीले कृतिको अमूर्त आकारलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य प्रदान गर्छ ।" (शर्मा, २०५९:५)

मूर्त र अमूर्त आकारलाई एक अर्कामा रूपान्तरण गर्न मोहनराज शर्माले तलको तालिका प्रयोग गरेका छन् :-

तालिका नं. १ (शर्मा, २०४८ :७)

| | | | |
|---|---|---|---|
| | | | मूर्त र अमूर्त |
| | मूर्त आकार | | आकारलाई |
| कृति | | शैली विज्ञान | एक अर्कामा |
| | अमूर्त आकार | | रूपान्तरित गर्ने |
| | | | नियमहरू |

## २.५ कृति विश्लेषणको शैली वैज्ञानिक आधार

कुनै पनि कृतिको विश्लेषण एवम् मूल्याङ्कन गर्ने कामका लागि आवश्यक शैली विज्ञानको सैद्धान्तिक र प्राविधिक उपकरण नै कृति विश्लेषणका शैली वैज्ञानिक

आधारहरू हुन् । शैली वैज्ञानिक सिद्धान्तका आधारमा कृतिको वर्णन विश्लेषण गर्दा कृतिको व्यवस्थित, क्रमबद्ध र वस्तुनिष्ठ व्याख्या विवेचना हुन्छ । कुनै पनि कृतिको शैली वैज्ञानिक अध्ययन गर्नु पूर्व अध्येयताले शैली विज्ञानको सैद्धान्तिक पक्ष, कृतिको संरचना तथा भाषा विज्ञानको प्रकृति र सम्बन्धित भाषाको व्याकरणका बारेमा राम्रो जानकारी हासिल गरेको हुनु पर्छ ।

साहित्यिक कृतिको शैली वैज्ञानिक विश्लेषण र मूल्याङ्कन गर्नु पर्दा मुख्यतः भाषा विज्ञानमा आधारित वर्णनात्मक, संरचनात्मक, प्रजनक, रूपान्तरणात्मक, रूपार्थपरक, व्यवस्थापरक आदि विभिन्न पद्धतिका विश्लेषण प्रारूपहरू प्रयोजनमा ल्याइन्छन् तर शैली वैज्ञानिक विश्लेषणका निम्ति पाश्चात्य प्रारूपको मात्र प्रयोग गर्नुपर्ने कुनै बन्देज छैन । अतः कुनै पनि कृतिको शैली वैज्ञानिक अध्ययन गर्नुपूर्व अध्ययेताले निम्न लिखित कुरामा ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

(क) कृतिले के-कस्ता सिद्धान्तमा आधारित भएर अध्ययन गर्दैछ ?

(ख) अध्ययन विश्लेषणका क्षेत्र र सीमा के-के हुन् ?

शैली विज्ञानको दृष्टिबाट कृति विश्लेषण गर्नका निम्ति भाषा विज्ञानका क्षेत्रमा प्राप्त विभिन्न भाषिक उपकरणहरूको प्रयोग गरिन्छ । शैली विज्ञानका दृष्टिबाट अध्ययन विश्लेषण गर्दा कृतिको प्रकृति, भाषागत, विधागत, शैलीगत प्रारूपको जानकारी जस्ता कुराले महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

शैली वैज्ञानिक अध्ययन विश्लेषणका क्रममा पाश्चात्य एवम् पूर्वीय दुवै भाषिक सम्प्रदायलाई आधार मानेको पाइन्छ । पूर्वीय भाषिक सम्प्रदाय रस, ध्वनि, अलङ्कार, रीति, वक्रोक्ति, औचित्य आदि विभिन्न क्षेत्रबाट प्रभावित भएको पाइन्छ ।

शैली विज्ञानले समालोचना वा मूल्याङ्कनका निम्ति कृति विश्लेषण निम्न लिखित प्रक्रियाबाट गर्दछ । (शर्मा, २०४८ : ८)

तालिका नं. २

| | | |
|---|---|---|
| | | (क) बनोट |
| | साहित्यिक संरचना | (ख) बुनोट |
| | | (क) चयन |
| कृति | शैली | (ख) अग्रभूमि निर्माण |
| | | (ग) विविधता/शैली चिह्नक |
| | | (क) व्याकरण व्यवस्था |
| | भाषा संरचना | (ख) शब्द व्यवस्था |
| | | (ग) ध्वनि व्यवस्था |

## २.५.१ साहित्यिक संरचना

कुनै पनि साहित्यिक कृतिको आफ्नै संरचना हुन्छ । कुनै पनि कृतिमा पाइने साना संरचक घटकहरूको संश्लिष्ट रूपले संरचना पक्षलाई बुझाउँछ । कृतिको संरचनाभित्र निहित घटकहरू विभिन्न क्रम र श्रेणी वा तहमा विभक्त हुन्छन् ।

### (क) बनोट

कुनै पनि कृतिमा भएका साना घटकहरूको संश्लिष्ट रूप नै बनोट हो । जस्तैः उपन्यासमा प्रयुक्त परिच्छेद, प्रसङ्ग, घटना आदिको मेल नै उपन्यासको बनोट हो । बनोट साहित्यिक कृतिको आन्तरिक पक्ष मानिन्छ ।

### (ख) बुनोट

बनोटकै पर्याधारमा रहेर हुने लघु घटकहरूको कार्य बुनोट हो । बनोटका विपरित बुनोट मूर्त हुन्छ । यसले कृतिको बाहय स्वरूप र कृति सौन्दर्यसँग निकटता राखेको हुन्छ ।

### २.५.२ भाषा संरचना

कुनै पनि कृतिको माध्यम वा आधार सामग्री भाषा हो । भाषाको आफ्नै संरचना हुन्छ । भाषा क्रमशः तल्लो श्रेणीबाट माथिल्लो श्रेणीमा सोपान क्रममा निर्मित हुन्छ अथवा भाषाको व्याकरणिक अवस्थासम्म पुग्न ध्वनि, वर्ण, अक्षर, रूप, शब्द, पद पदावली, उपवाक्य र वाक्य हुँदै अघि बढ्नु पर्छ । भाषा संरचनाको श्रेणीक्रमलाई निम्नानुसार देखाउन सकिन्छ :-

(क) व्याकरण व्यवस्था

यो भाषिक व्यवस्थाको माथिल्लो तह हो । यसभित्र रूप, प्रक्रिया र वाक्य विज्ञान पर्दछन् ।

(ख) शब्द व्यवस्था

रूपहरूको समुच्चयबाट निर्मित भाषिक व्यवस्था शब्द व्यवस्था हो । भाषाको रूप पक्ष र आर्थी पक्षसँग सम्बन्धित हुने भएकाले यसलाई रूप, प्रक्रिया र अर्थ विज्ञानसँग सम्बन्धित भाषिक संरचना भनिन्छ ।

(ग) ध्वनि व्यवस्था

भाषाको सबैभन्दा सानो एकाइ ध्वनि हो । यसभित्र खण्डीय र खण्डेत्तर ध्वनि व्यवस्था रहेको हुन्छ । यसैमा स्वर ध्वनि र व्यञ्जन ध्वनिको व्यवस्था हुन्छ ।

शैली विज्ञान अन्तर्गत कुनै पनि कृतिको भाषा संरचनाको विश्लेषण उपर्युक्त तिनवटै तहमा गर्नु आवश्यक देखिन्छ ।

### २.५.३ शैली

सामान्य अर्थमा कुनै पनि कुरालाई प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ । शैली शब्दलाई रीति शब्दले पनि उद्भाषित गरिन्छ । शैली व्यक्ति पिच्छे फरक हुन्छ । एउटा

प्रकरणको तरिका नै शैली हो र यसको वैज्ञानिक ढङ्गले अध्ययन गर्ने विज्ञानलाई शैली विज्ञान भनिन्छ । (अधिकारी, २०६२ : १६१)

शैलीको पहिचान गर्ने सम्बन्धगत पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

(क) चयन **९क्भभिअतष्यल०**

चयन भन्नाले छनोटलाई बुझाउँछ । भाषिक आधारमा भन्दा कृतिकारसँग उपलब्ध विभिन्न विकल्पहरू मध्येबाट गरिने कुनै एक विकल्पको छनोट नै चयन हो । पाश्चात्य साहित्य शास्त्रमा चयन सम्बन्धी अवधारणा सर्वप्रथम कोरिनाद्वारा पिण्डारलाई दिइएको एक निर्देशनमा पाइन्छ, "बीउ बोराबाट हातले निकालेर छर्नु पर्छ, बोरा सहित होइन" अर्थात् रचनाको रचना धर्मिता त्यसको छनोटमा हुन्छ; जसका लागि रचनाकार विशेष रूपमा सजग रहेको हुन्छ ।

कृतिगत शैलीको पहिचान गर्न सो आधारमा कृतिको मूल्याङ्कन गर्नका लागि चयनको भूमिका महत्त्वपूर्ण हुन्छ । लिचका अनुसार शब्द आदि भाषिक एकाइको सविचारित छनोटलाई चयन भनिन्छ । (बराल र अन्य, २०६६ : ८१५) जस्तै : पृथ्वीलाई जनाउने शब्दहरू धरणी, धर्ती, जननी, भूमि, मृत्तिका, धरा आदि विकल्पहरू मध्ये कृतिकारले कुनै एकको छनोट गर्ने काम चयन हो । कृतिकारले सन्दर्भानुसार आफ्ना लागि उपयुक्त विकल्प छनोट गर्दछ । शैली विज्ञानले यस्तै चयनको विशिष्टतालाई पहिल्याउने गर्दछ । विकल्पहरूको चयनमा एकको कार्यका लागि अर्काले काम चलाउन सक्ने स्थिति हुनुपर्छ । अर्थात् विकल्पहरू समानान्तर वा समस्तर प्रकृतिका हुनु आवश्यक हुन्छ । वर्ण, रूप, अक्षर, शब्द, पदावली, उपवाक्य वा वाक्य जस्ता एकाइका समान तहमा मात्र नभएर उच्च निम्न श्रेणीमा पनि विकल्पहरू हुन सक्छन् अर्थात् रूपको विकल्प शब्द, शब्दको विकल्प पदावली, पदावलीको विकल्प उपवाक्य पनि हुन सक्छ । यसरी विशेषतः साहित्यिक रचनामा विकल्पहरूको चयनको उद्देश्य सार्थकता एवम् नवीनताको सिर्जना गर्नु हो ।

(ख) अग्रभूमि निर्माण ९ँयचभनचयगलमष्लन०

“रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमि निर्माण हो ।” (शर्मा, २०४८ : १०)

साहित्यिक भाषाको सिर्जना गर्नका लागि अग्रभूमि निर्माणको विशेष भूमिका रहेको हुन्छ । कृति विश्लेषणका निम्ति शैली विज्ञानका क्षेत्रमा अग्रभूमिको निर्माण सम्बन्धी धारणाको प्रवर्तन ई. १९३० मा चेक भाषा वैज्ञानिक जे. मुकारोभस्कीले गरेका हुन् । अग्रभूमि निर्माण एउटा यस्तो युक्ति हो; जसले अभिव्यक्तिमा आकर्षण उत्पन्न गराउँछ । परम्परित भाषा प्रयोगमा हुने स्वचालनको विपरित यसले भाषा प्रयोगमा भाषा यस्तो स्वचालित र रूढ हुन्छ जस्तो अभिव्यक्तिमा साहित्यिकता र सौन्दर्य कम अनुभव हुन्छ । तसर्थ साहित्यिक अभिव्यक्ति प्रचलित तथा स्वीकृत मानकलाई व्यवस्थित गरेर सिर्जना गरिन्छ ।

अग्रभूमि, मध्यभूमि, पश्चभूमि वा पृष्ठभूमि चित्रकलामा बढी प्रचलित शब्द हुन् । प्रचलित परम्परामा पश्चभूमिमा रहेका सूचनालाई अग्रभागमा ल्याई नवीकृत वा आकर्षक बनाउने युक्तिलाई अग्रभूमि निर्माण भनिएको हो । कुनै पनि भाषा प्रयोगका क्रममा एउटै कुरा धेरै पटक प्रयोग गरेको खण्डमा त्यो यान्त्रिक बन्दछ । त्यसबाट जोगाउन लेखकले त्यसको परम्परागत प्रयोग क्षेत्रमा परिवर्तन ल्याएर प्रयोगमा नयाँ सन्दर्भ दिनु अग्रभूमि निर्माण गर्नु हो । (अधिकारी, २०६२ : २६२) अग्रभूमि निर्माणका दुईवटा पक्षहरू रहेका छन् ।

(अ) विचलन

(आ) समानता

(अ) विचलन ९म्भखष्बतष्यल०

सामान्य भाषामा प्रयुक्त हुने सामान्य भाषिक नियमहरूको अतिक्रमण, उल्लङ्घन वा व्यतिक्रमलाई विचलन भनिन्छ । प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भनिन्छ । यस्तो विचलन उद्देश्यपूर्ण र सार्थक हुन्छ अर्थात् खास साहित्यिक विशिष्टता सिर्जना गर्नु यसको प्रयोजन हो ।

सिर्जनाको क्रममा साहित्यकार असचेत रूपमा विचलित भइरहेको हुन्छ । मुख्यतः रूपान्तरणवादीहरूले साहित्यिक शैलीको विश्लेषणका क्रममा विचलनको अवधारणालाई उपयोग गरेको पाइन्छ । (अधिकारी, २०६२ : २६३)

च्याम्पम्यानका अनुसार- 'मानकको उल्लङ्घन वा अतिक्रमणलाई विचलन भनिन्छ ।" (च्याम्पम्यान, १९७३ : ११३)

विचलन भाषिक एकाइका विभिन्न स्तरमा देख्न सकिन्छ । वर्ण, शब्द, रूप, पदावली, उपवाक्य र सङ्कथनका तहमा पनि विचलन प्रतिविम्बित हुन्छ । साहित्यिक कृतिमा विभिन्न किसिमका विचलनहरू देखा पर्दछन् ।

९ऽ० कोशीय विचलन

कोशमा प्रयुक्त शब्दले मात्र भाषिक अभिव्यक्तिको सामर्थ्यलाई बहन गर्न नसकेमा स्रष्टाले नयाँ शब्दको निर्माण गर्नु कोशीय विचलन हो । जस्तै : मान्द्रिलो, चक्रेटो, फुलारू, युरेसिया आदि ।

९ऽऽ० व्याकरणिक विचलन

प्रत्येक भाषाको आ-आफ्नै किसिमको निश्चित व्याकरणिक व्यवस्था हुन्छ । साहित्यकारले आफ्नो विशिष्ट भाषिक अभिव्यक्तिका क्रममा लिङ्ग, वचन, पुरूष, काल, पक्ष, भाव, वाच्य जस्ता व्याकरणिक एकाइका नियमहरूको अतिक्रमण गर्न सक्छ । यस्तो अतिक्रमण नै व्याकरणिक विचलन हो । जस्तै : जान्छिन् आज शकुन्तला घर भनी उठ्दो छ चिन्ता अति (पदक्रम विचलन) ।

९ऽऽऽ० ध्वनि प्रक्रियात्मक विचलन

भाषाको कुनै खास एकाइको उच्चारणमा मानकसँग स्पष्ट रूपमा छुट्याउन सकिने अन्तर नै ध्वनि प्रक्रियात्मक विचलन हो । (ढकाल, २०५० : १०७) जस्तै गा' छ (गएको छ), कटर (कटहर), त्यार (तिहार) आदि ।

९ष्ख० लेख प्रक्रियात्मक विचलन

शाब्दिक लेखाइका क्रममा देखा पर्ने विचलनलाई लेख प्रक्रियात्मक विचलन भनिन्छ । यस्तो विचलनमा लेखाइलाई तलमाथि पारेर सामान्यभन्दा फरक किसिमले लेख्ने गरिन्छ । जस्तै : 'मेनुका गीत गाउँछे' भन्ने वाक्यलाई मे नु का गी त गा उँ छे भनेर लेखिन्छ ।

९ख० अर्थतात्त्विक विचलन

भाषिक अभिव्यक्तिको क्रममा अर्थका दृष्टिले हुने विचलन नै अर्थतात्त्विक विचलन हो । वाक्यको अविधामूलक अर्थ नआएर अन्य विशिष्ट अर्थ व्यञ्जित हुनु पनि अर्थ तात्त्विक विचलन हो । जस्तै : 'उसको पीडालाई देखेर पहाड, झरना र आकाश मात्र होइन समग्र नेपाल आमा नै रोइरहेकी थिइन् ।'

९खष० प्रयुक्ति विचलन

एउटा प्रसङ्ग र परिस्थितिमा प्रयोग गर्नुपर्ने भाषालाई अर्को प्रसङ्ग र परिस्थितिमा प्रयोग गर्नु प्रयुक्ति विचलन हो । जस्तै : 'प्रत्येक रात मलाई लामखुट्टेहरूले मेरो कानमा आएर सशस्त्र युद्धको घोषणा सुनाउँछन् ।'

९खष्ष० भाषिका विचलन

भाषाको शिष्ट, मानक रूपको सट्टा अन्य भाषिकागत विशेषताको प्रयोग गर्नु भाषिका विचलन हो । जस्तै : हिजोआज ओलनमा पानी थपेर बेच्छन् ।

(आ) सामान्तरता

"समानान्तरता भनेको भाषा प्रयोगमा देखिने नियमित पुनरावृत्ति हो । (लीच, सन् १९७७:६२) समानान्तरता भनेको बढी नियमितता पालन गर्नु हो । (शर्मा, २०४८:१०) भाषा प्रयोगका क्रममा प्रयुक्त शब्द वा वाक्यको पुनरावृत्ति गर्ने कार्यलाई समानान्तरता भनिन्छ । समानान्तरताको पहिलो पल्ट प्रयोग गर्ने गेरार्ड मोनली ह्यापकिन्स हुन् । उनले सन् १९६५ मा यसको अवधारणा ल्याएपछि रोमन

याकोब्सनद्वारा समतुल्यता वा समानान्तरता, एस. आर. लिविनद्वारा युग्म र सेपिरोद्वारा प्रतिसमता जस्ता विविध रूपहरू विकास भएको पाइन्छ । यसलाई पनि भाषाको विभिन्न एकाइ र तहभित्र प्रकटित भएको देख्न सकिन्छ । भाषिक एकाइका विभिन्न तहमा हुने सादृश्यले साहित्यिक अभिव्यक्तिमा विशिष्टता झल्काउन मद्दत गरेको हुन्छ । विचलनले अनियमितता वा प्रचलित मानकलाई उल्लङ्घन गरेर अभिव्यक्तिमा आकर्षण उत्पन्न गर्दछ भने समानान्तरता सिर्जनाले झन् आकर्षण थप्दछ ।

समानान्तरता दुई किसिमले देखिन्छन् ।

९क० आन्तरिक समानान्तरता

अर्थ वा भाव स्तरको आवृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ । अर्को शब्दमा वाच्यार्थ वा भावार्थको आवृत्तिबाट साहित्यिक रचनामा आन्तरिक समानान्तरताको सिर्जना हुन्छ । बाह्य रूपाकृतिको आवरणभित्र रहने हुनाले यो सूक्ष्म र अमूर्त प्रकृतिको हुन्छ । यस्तो सामानान्तरता कृतिको अर्थतात्त्विक तहमा अभिव्यक्त भएको हुन्छ । जस्तै : 'अतीतमा गरेको पाप कर्म सम्झँदा उसमा दिक्दारी र खिन्नता आउँछ ।'

९ख० बाह्य समानान्तरता

साहित्यिक कृतिको आवरण पक्ष (वर्ण, मात्रा, लय, छन्द) सँग सम्बन्धित पुनरावृत्ति बाह्य समानान्तरता हो । यो स्थुल र मूर्त प्रकृतिको हुन्छ । यो भाषाका ध्वनि, वर्ण, रूप, शब्द, पदावली आदिका बाह्य स्वरूप वा संरचना एवम् रूपाकृतिको पुनरावृत्ति भएर प्रकट हुन्छ । त्यसैले अभिव्यक्तिमा यो शब्द वैचित्र्य वा शब्दालङ्कारका रूपमा देखा पर्दछ । जस्तै : 'बासु र बलराम वनमा बत्ती बालेर बसे ।'

(ग) शैली चिह्नक **९क्तथभि(ःबचपभचक०**

'लिङ्ग्विस्टिक एन्ड स्टाइल भन्ने पुस्तकको' 'अन डिफाइनिङ् स्टाइल : एन एसे इन अप्लाइड लिङ्ग्विस्टिक्स' शीर्षकमा निल्स एरिस एड. क्विस्टर भन्ने विद्वान्ले

सर्वप्रथम शैली विश्लेषणका लागि शैली चिह्नकको धारणा व्यक्त गरेका छन् । उनका अनुसार कुनै कृतिमा कमभन्दा कम पटक वा बढीभन्दा बढी पटक विशेष सन्दर्भमा देखिने सबै भाषिक एकाइहरूलाई शैली चिह्नक भनिन्छ । शैली चिन्हनक सन्दर्भबद्ध भाषिक तत्त्व हो । (शर्मा, २०५९ ५१७)

यसरी हेर्दा आधुनिक भाषावादी सिद्धान्त र पद्धतिका रूपमा देखा परेको शैली विज्ञान साहित्यिक समालोचनाको नवीनतम विधा हो । यसले भाषिक अभिव्यक्तिको भाषापरक ढङ्गबाट अध्ययन विश्लेषण गर्ने काम गर्दछ । 'शैली विज्ञान' सन् १८७२ मा सर्वप्रथम फ्रान्सेली भाषामा प्रयोग भएको क्तथष्कितष्त्रगभ शब्द र सन् १८७२ मा अङ्ग्रेजी भाषामा प्रयोग भएको क्तथष्कितष्अक शब्दको नेपाली रूपान्तरण हो । पाश्चात्य साहित्य शास्त्रमा शैलीका सम्बन्धमा अरस्तु पूर्वका साहित्य शास्त्रीहरूले चर्चा गरे पनि शैली सम्बन्धी व्यवस्थित विवेचना अरस्तुबाट भयो । अरस्तुपछि डाोनिसस, टि.यस इलियट, आइ.ए. रिचर्डस, मिल्टन, लुकास आदि विद्वान्हरूले यस प्रक्रियालाई अगाडि बढाए तापनि शैली विज्ञानले आधुनिकतामा प्रवेश गर्ने मौका भने प्रसिद्ध भाषा वैज्ञानिक फर्डिन्यान्ड डी. सस्युर र उनका चेला चार्ल्स बालीबाट प्राप्त भयो ।

कुनै पनि कृतिको शैली वैज्ञानिक आधारमा विश्लेषण गर्न सर्वप्रथम सम्बन्धित कृतिबाट सामग्रीको विश्लेषण गरिन्छ र अन्त्यमा विश्लेषणबाट प्राप्त परिणामहरू प्रस्तुत गरिन्छ ।

# अध्याय - तिन

## स्वेतभैरवी कथाको कथानकको विश्लेषण

### ३.१ कथानकको परिचय

कथानक भनेको कथामा प्रयुक्त घटना, स्थिति, अवस्था वा प्रसङ्गको क्रमिक योजना हो । कथानकमा घटना र चरित्रको सुसङ्गठित विन्यास हुन्छ । कथामा घटनाहरूलाई प्रस्तुत गरिएको हुन्छ र ती घटनाहरू समय क्रममा नआई कार्य र कारणका क्रममा आएका हुन्छन् । त्यसैले कथानक कार्य कारण सम्बन्धमा उनिएर आउने घटनाहरूको योजना हो । कथानकमा कथाकारका धारणा, विचार, बौद्धिकता, प्रतिक्रिया आदिले राम्ररी खेल्न पाउँछन् । कथानकले पाठकहरूमा कौतुहलता सिर्जना गर्दछ । कथानक घटनावलीको योजना वा ढाँचा हो । घटनावली भनेको क्रियाहरूको समूह हो । क्रियाहरूका रूपमा प्रतिफलित हुने हुँदा कथानकमा आख्यानको गति हुन्छ । कथानकले नै आख्यानलाई गतिशील बनाउँछ ।

कथानक पात्र र विचारसँग जोडिएको हुन्छ । कथानक विचार प्रकटीकरणका लागि घटना र चरित्रमार्फत क्रियाशील हुने गति हो (बराल, २०५६ : ३००) । कथानकमा प्रयुक्त घटनाको योजना वा अभिरेखा वा ढाँचालाई कथानक भनिन्छ (शर्मा, २०५६ : ३८४) ।

कुनै पनि घटना किन घटित भयो ? त्यो किन घटित हुँदैन र अब के हुन्छ ? किन घटना घट्छ ? भन्ने प्रश्नको उत्तरमा आउने कुरा नै कथानक हो ।

कथानकका सम्बन्धमा फ्रेट्रागले टेकनिक अफ द ड्रामा (१८६३) नामक पुस्तकमा ढाँचा प्रस्तुत गरेका छन् । कथानकका विभिन्न गुण हुन्छन् । सङ्क्षिप्तता, रोचकता, उत्सुकता, प्रभावको एकता, विश्वसनीयता, मौलिकता, पूर्णता आदि कथानकका गुण हुन् । कथानक विभिन्न स्रोतबाट लिइएको हुन्छ । इतिहास, पुराण, समाज, लोक कथा आदिबाट कथानकलाई टिपिन्छ ।

कथानक जुनसुकै स्रोतबाट लिइएको भए पनि यसको विन्यास दुई प्रकारले गरिन्छ ।

(१) रैखिक (२) वृताकारीय

रैखिक विन्यास भएको कथाको ढाँचा सरल हुन्छ र सिधा रेखामा आदि, मध्य र अन्त्यको क्रम मिलाएर हिँड्छ भने वृताकारीय ढाँचामा लेखिएको कथा सिधा वा सरल रेखामा नहिँडी माहुरीको चाकोझैँ घुमाउरोसँग प्रस्तुत भएको हुन्छ । प्रस्तुत श्वेतभैरवी कथामा पनि रैखिक ढाँचामा प्रस्तुत भएको छ ।

कथा आफैँमा पूर्ण विधा भएकाले कथावस्तुको पूर्णताका लागि आदि, मध्य र अन्त्यको अन्विति मिलेको हुनुपर्छ । कथालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

तालिका नं. ३

| | | |
|---|---|---|
| | | आरम्भ |
| | आदि | |
| | | सङ्घर्ष विकास |
| कथाको विकास | मध्य | चरमोत्कर्ष |
| | | सङ्घर्ष ह्रास |
| | अत्य | |
| | | उपसंहार |

## ३.२ कथानकको विकासक्रम तालिका

तालिका नं. ४

| क्र.सं. | कथानक संरचना | कथानक विकासक्रम |
|---|---|---|
| १ | आदि | (क) चिनारी<br>(ख) सङ्घर्ष विकास |
| २ | मध्य | (क) सङ्कटावस्था<br>(ख) चरम |
| ३ | अन्त्य | (क) सङ्घर्ष ह्रास<br>(ख) उपसंहार |

### (क) आरम्भ / चिनारी

कथानकको प्रारम्भ भागमा चिनारी हुन्छ । यो कथानक विकासको पहिलो अवस्था हो । यस भागमा सम्बन्धित आख्यानात्मक कृतिका प्रमुख पात्रहरूको परिचय दिइएको हुन्छ र ती पात्रहरूले के कस्ता समस्याहरूसँग सङ्घर्ष गर्नुपर्छ भन्ने कुराको जानकारी पनि यसै भागमा रहेको हुन्छ ।

### (ख) सङ्घर्ष विकास

यो कथानक विकासको दोस्रो अवस्था हो । यसमा कुनै समस्या वा परिस्थितिसँग सङ्घर्षरत पात्रहरू सामु कुनै आकस्मिक स्थिति वा घटना विशेषका कारण समस्या उत्पन्न भई उनीहरू एक आपसमा सङ्घर्ष गर्न थाल्छन् । यसरी यस चरणमा कथात्मक कृतिमा पहिलो पल्ट सङ्कटको सिर्जना हुने भएकाले यसलाई प्रथम सङ्कटावस्था पनि भनिएको पाइन्छ ।

### (ग) चरमोत्कर्ष

चरमोत्कर्ष कथानक विकासको तेस्रो चरण हो । यो कथानकको मध्य भाग अन्तर्गत पर्दछ । प्रथम सङ्कटावस्थाले अरू सङ्कटावस्था पनि जन्माउँछन् । सङ्कटावस्थाका कारण चरित्रमा समेत परिवर्तन आउँछ । यसमा यस्तो मोड आउँछ;

जसले पात्रहरूलाई गम्भीर, महत्त्वपूर्ण र निर्णायक रूप दिन्छ । यो अन्तिम सङ्कटावस्था हो ।

(घ) सङ्घर्ष ह्रास

कथानकको अन्त्य भागमा पर्ने विकासावस्था हो । यस अवस्थामा पात्रहरू बिच एक-आपसमा प्रचलित द्वन्द्व कम हुँदै गएर फल प्राप्तितिर उन्मुख हुने भएकाले यस अवस्थालाई सङ्घर्ष ह्रास भनिएको हो ।

(ङ) उपसंहार

यो कथानक विकासको अन्तिम अवस्था भएकाले यसमा पात्रहरूका बिच कुनै सङ्घर्ष बाँकी रहेको हुँदैन । यसमा पात्रहरूले जे-जस्तो कार्य गरेका हुन्छन् त्यसै अनुसारको फल प्राप्त गर्दछन् ।

### ३.३ श्वेतभैरवी कथाको कथानक विकासक्रम

आदि, मध्य र अन्त्यले कथानक विकासको पूर्णतालाई जन्माउँछ । कथानकको आदि भागमा चिनारी, र सङ्घर्ष विकास, मध्य भागमा सङ्कटावस्था र चरम तथा अन्त्य भागमा पर्ने सङ्घर्ष ह्रास र उपसंहारलाई श्वेतभैरवी कथाको कथानकको विकासक्रमीय ढाँचालाई प्रसिद्ध समालोचक फ्रेट्रागको पिरामिडमा यसरी देखाउन सकिन्छ ।

फ्रेट्रागको पिरामिड

तालिका नं. ५

चरम
(३)

सङ्घर्ष (२)
विकास

(४) सङ्घर्ष ह्रास

कथानक (१)
आरम्भ

(५) उपसंहार

## ८ आदि भाग

### १. चिनारी

(क) फगुनीको परिचय र 'म' पात्रको पृष्ठभूमिको जानकारी

(ख) 'म' पात्र सुकुलमा पल्टिएको समयमा पल्लो बैठक कोठामा आइरहेको आवाज बन्द हुनु ।

(ग) वातावरण निस्तब्ध रहनु ।

(घ) साथीहरूले 'म' पात्रलाई छाडेर कोसीको चिसो बालुवामा खेल्न जानु ।

(ङ) 'म' पात्रले अत्यन्त एकाङ्गी/एक्लो भएको महसुस गर्नु ।

(च) फगुनी गोबर र माटो घोलिएको पानी र लुँडो लिएर सानो बाबुको कोठामा प्रवेश गर्नु ।

(छ) फगुनीसँग सानो बाबु/ 'म' पात्रको फगुनीले पहिरेको नयाँ धोतीका विषयमा कुराकानी हुनु ।

### २. सङ्घर्ष विकास

क) कथाकारले फगुनीको विनोदप्रियताको वर्णन गर्नु ।

(ख) फगुनी कामुकताबाट प्रभावित भएकाले सानो बाबुसँग यस्तै-यस्तै आशयका विविध कुरा गर्नु ।

(ग) 'म' पात्रले फगुनीलाई उसको दुलाहाको कुरा उप्काएर उत्तेजना बढाउनु ।

(घ) फगुनीमा शारीरिक परिवर्तन क्रमशः देखा पर्न थाल्नु ।

(ङ) खासगरी 'म' पात्रले चुमौन र गौनाका विषयद्वारा फगुनीको यौनिक आवेगलाई उत्कर्षमा पुऱ्याउनु

(च) फगुनीले 'म' पात्रलाई तिमी मेरो दुलाहा भन्ने हठ गर्न थाल्नु ।

(छ) फगुनी आएको अस्वभाविक शारीरिक र मानसिक परिवर्तनद्वारा अत्तालिई त्रासद वातावरण महसुस गर्न पुग्नु अर्थात् अत्यन्त द्वन्द्वशील भई डराउन पुग्नु ।

८ मध्य माग

३. चरम

(क) फगुनीमा पैदा भएको भैरव रूपबाट 'म' पात्र डराई चिच्याएर भाग्न थाल्नु ।

(ख) असहाय भएर कोठाको वरिपरी भाग्न थाल्नु ।

(ग) फगुनीको चढेको भूतले अस्तित्व रक्षामा निरीह बनेको 'म' पात्रले कुनै उपाय नदेख्नु ।

(घ) 'म' पात्रले आफूलाई जमीनमा भाँसिदै गएको ठान्नु ।

(ङ) कोशीको असंयमित बाढीले आफूलाई निल्नै लागेको महसुस गर्नु ।

४. सङ्घर्ष ह्रास

(क) खड्गबाहुकाली जस्ती बनेकी फगुनीका हात गोबर हिलोले मुछिएको भए पनि माथिमाथि उठाउन थाल्नु ।

(ख) उसको खुट्टा बाल्टीले काटे पनि थाहै नपाई 'म' पात्रलाई खेदाइरहनु ।

(ग) 'म' पात्र बाँस थुपारेको ठाउँमा खस्न पुग्नु ।

(घ) 'म' पात्रलाई बाँसको छड्केले गोडामा गहिरो घाउ बनाउनु ।

५. उपसंहार

(क) फगुनी असामान्य अवस्थाबाट सामान्य अवस्थामा फर्किनु ।

(ख) फगुनीमा शारीरिक र मानसिक परिवर्तन शान्त र स्वभाविक अवस्थामा आउनु ।

(ग) घटनाको विषयमा दुई बाहेक कसैले थाहा नपाउनु ।

(घ) चुमौनको अर्थ थाहा भयो होला नि ! बाँसको थुप्रोमाथि मिसिएको तिम्रो र मेरो रगत बिचको मेल भनेर फगुनीले 'म' पात्रलाई भन्नु ।

## ३.४ श्वेतभैरवी कथाको अनुच्छेद विभाजन र कथानक

कथाको कथानकको विन्यास वा रखाइलाई मुख्यतः दुई भागमा बाँड्न सकिन्छ, रैखिक र वृताकारीय । रैखिक विन्यासमा कथानकको ढाँचा सरल हुन्छ र एउटा सिधा रेखामा आदि, मध्य र अन्त्यको क्रम मिलेको हुन्छ । वृताकारीयमा भने कथाको ढाँचा सरल रेखामा नभई माहुरीको चाकोझैँ घुमाउरोसँग प्रस्तुत भएको हुन्छ । कथाको कथानकको अध्ययन गर्दा सम्बन्धित कथाको अनुच्छेद विभाजन र लम्बाइका बारेमा समेत अध्ययन गर्नुपर्छ ।

यस श्वेतभैरवी कथामा बत्तीस अनुच्छेदहरू रहेका छन् । अठाह्र हरफदेखि एक-दुई हरफसम्मका अनुच्छेद समेत रहेका छन् । यो कथा पाँचवटा पृष्ठमा संरचित रहेको छ । झिनो घटना भए पनि कथानकलाई सङ्गठित र कौतुहलताका साथ रैखिक ढङ्गले अगाडि बढाइएको छ ।

## ३.५ श्वेतभैरवी कथाको कथानकको विश्लेषण

नेपाली साहित्यका क्षेत्रमा मनोवैज्ञानिक यथार्थवादी फ्रायडीय यौन सिद्धान्तको सफल प्रयोग गर्ने कथाकार हुन्; विश्वेश्वर प्रसाद कोइराला । उनको जन्म वि.सं. १९७१ भाद्र २४ गते भारतको बनारसमा भएको हो । जन्मकुण्डलीको नाम चूडामणि कोइराला भए पनि विश्वनाथको प्रसाद ठानी उनी विश्वेश्वर प्रसाद कहलिए भन्ने बुझिन्छ । मोरङमा घर भए पनि पिताको निर्वास र सर्वस्वहरणसँगै उनले बनारस र कलकत्ताबाट स्नातक उत्तीर्ण गरे । चौध वर्षको उमेरबाटै कथा लेखनमा लागेका कोइरालाको प्रथम कथा 'चन्द्रवदन' वि.सं. १९९२ मा शारदा पत्रिकामा प्रकाशित भएको हो । उनले लेखेका २६ कथाहरूमध्ये 'दोषी चस्मा' (२००६) र 'श्वेतभैरवी' (२०३८) कथासंग्रह प्रकाशित छन् । 'तिनघुम्ती' (२०२५), 'नरेन्द्र दाइ' (२०२७), 'सुम्निमा' (२०२७), 'मोदिआइन' (२०३६), 'हिटलर र यहुदी' (२०४०), 'बाबु आमा र छोरा' (२०४५) उनका सफल औपन्यासिक कृति हुन् । यस्तै उनका आत्मकथा र कविताहरू समेत प्रकाशित भएका छन् । उनको लेखनमा प्रेमचन्द, रवीन्द्रनाथ टैगोर, गोर्की, फ्रायड आदिको प्रभाव परेको छ ।

उनी राजनैतिक क्षेत्रमा पनि सफल भएर २००७ सालमा राणा काङ्ग्रेसको संयुक्त मन्त्रिमण्डलमा काङ्ग्रेसका तर्फबाट गृहमन्त्री, पार्टी अध्यक्ष र २०१६ मा प्रधानमन्त्री समेत बन्न सफल भए । राजनीतिमा समाजवादी र साहित्यमा अराजकतावादी कोइराला साहित्यको सशक्त मनोविश्लेषणवादी धरातलमा तैरिँदै वि.सं. २०३९ साउन ६ गते ६८ वर्षको उमेरमा परलोक भए ।

प्रस्तुत 'श्वेतभैरवी' कथा श्वेतभैरवी कथा संङ्ग्रहभित्रै सङ्कलित यौन मनोविश्लेषणात्मक यथार्थवादी कथा हो । आत्मसंस्मरणात्मक शैलीमा संरचित मनोवैज्ञानिक यथार्थवादी यस कथाले सामाजिक, सांस्कृतिक यथार्थलाई उद्घाटन गरेको छ । फ्रायडीय यौन सिद्धान्तबाट प्रभावित भएर लेखिएको यस कथामा नव यौवना फगुनीमा उत्पन्न यौनको ज्वारभाटालाई सशक्त रूपमा चिनाउन खोजिएको छ । यौन प्रसङ्गको विकराल सिर्जनाका पछाडि आर्थिक, सामाजिक, सांस्कृतिक पृष्ठभूमिलाई समेत देखाउन खोजिएको छ । खासगरी लेलवा केवटको घरायसी आर्थिक अवस्था, फगुनीको वैवाहिक प्रसङ्गमा विद्यमान सामाजिक, सांस्कृतिक भूमिकालाई पनि कथाको पृष्ठभूमिका रूपमा राखिएको छ ।

'श्वेतभैरवी' मनोविश्लेषणात्मक कथा भएकाले कथानक सूक्ष्म रहेको छ । सीमित घटनामा गम्भीर विषय भएकाले कथानकको गहनता बढेको छ । कथानक ३५ वर्ष अगाडिको एकदिनको घटनामा केन्द्रित छ । कथानकको सुरूवात म पात्रले गरेको स्थानीय परिवेशको वर्णनसँगै सुरू भएको छ । लेलवा केवटको सानो घर, कोशी नदी, लेलवाकी छोरी फगुनी र उसको सौन्दर्य, प्रकृति, मातृविहीन आँपको बोटको नीरस तुलना आदिलाई पृष्ठभूमि बनाएर कथानकलाई पूर्णता दिएको छ ।

श्वेत (विशेषण) र भैरवी (नाम) दुई पदबाट बनेको यस शीर्षकले प्रतीकात्मक अर्थ व्यक्त गरेको छ । कथामा श्वेतले सेतो र भैरवीले कालीको भैरवी स्वरूपलाई जनाएको छ । नारीहरूलाई देवीका विभिन्न स्वरूपसँगै तुलना गर्न सकिन्छ तर नारीभित्रको दमित यौनेच्छालाई कुण्ठित बनाएरै राख्ने हो भने समय र परिस्थिति पाएपछि उसले श्वेतभैरवी जस्तै आक्रमक रूप देखाउँछे भन्ने यथार्थलाई शीर्षकले व्यक्त गर्न खोजेको छ ।

कथानक 'म' पात्रको जीवन पृष्ठभूमिबाट आरम्भ भएको छ । 'म' पात्र वैठक कोठामा पल्टिएकै समयमा शान्त र स्तब्ध वातावरण भएको हुन्छ । कोशी नदीको चिसो बालुवामा खेल्न जाने साथीहरूको आग्रह समेत नमानेर पल्टिरहेको 'म' पात्र एक्लो हुँदै गएको हुन्छ । गोबर माटो ल्याएर फगुनीको प्रवेश सानो बाबुको कोठामा भएपछि 'म' पात्र (सानो बाबु) ले फगुनीले पहिरेको नयाँ धोतीको वर्णनसँगै दुवैमा विनोदप्रियता बढ्छ । फगुनीमा कामुकता बढ्दै जानु, 'म' पात्रले फगुनीको दुलाहाको बारेमा कुरा गरेर उत्तेजना बढाउनु जस्ता कार्यबाट फगुनीमा क्रमशः शारीरिक परिवर्तन हुन्छ । फगुनीको चुमौन र गौनाका विषयमा कुरा हुँदै जाँदा 'म' पात्रलाई तिमी मेरो दुलाहा भनेर फगुनीले जिद्धी गर्नु, फगुनीमा शारीरिक र मानसिक परिवर्तन आई त्रासद वातावरणमा द्वन्द्व बढ्दै गएपछि कथानकको आदि भागले विश्राम पाएको हुन्छ ।

कथानकको मध्य भागको उठान फगुनीमा पैदा भएको यौनावेगको ज्वारभाटाबाट 'म' पात्र डराएसँगै सुरू हुन्छ । डरले 'म' पात्र कोठा वरिपरी भाग्दै जाँदा कुनै उपाय नदेखेपछि जमीनमा भाँसिदै गएको र कोशीको असंयमित बाढीले आफूलाई निल्दै गरेको महसुस गर्दछ । खड्गबाहुकाली जस्ती बनेकी फगुनी भैरवीको रूप धारण गरी गोबर माटोकै हातले 'म' पात्रमा आक्रमण गरेपछि दुवैको दौडाहामा फगुनीको खुट्टा बाल्टीले काटिए पनि थाहै भएको हुँदैन र कथानकको चरम उत्कर्षमा पुग्दछ ।

'म' पात्रले बाँसको थुप्रोमा खसेर गोडामा गहिरो घाउ बनाएसँगै कथानकको अन्त्य भाग प्रारम्भ हुन्छ । फगुनीको असामान्यबाट सामान्य अवस्थामा प्रवेश, शारीरिक र मानसिक परिवर्तन भई सामान्य र शान्त अवस्थातिर गएर घटना सामान्य अवस्थातिर प्रवेश गर्दछ । दुवै पात्रले मात्र थाहा पाएको घटना अन्तिम अवस्थामा पुगेर चुमौनको अर्थ थाहा भयो होला नि ! बाँसको थुप्रोमा मिसिएको तिम्रो र मेरो रगत बिचको मेल हो भनेर 'म' पात्रलाई फगुनीले भनेसँगै घटनाको समापन भएको हुन्छ ।

अन्त्यमा कथानकले मान्छेको सशक्त पक्ष यौन हो भन्ने पुष्टि गरेको छ । यसको नियन्त्रण आंशिक सम्भव हुने र नियन्त्रण गुमाएपछि चेतना शून्य हुने कुरा पुष्टि गरेको छ अथवा चेतनभन्दा अचेतन बढी सशक्त हुने गर्दछ । अचेतनमा दमित यौनकुण्ठाले उचित निकास नपाए व्यक्ति अस्वस्थ हुन सक्छ । यौन जीवनको ऊर्जा हो । यसको कारण मानव जीवित हुन्छ । यौनको सहजताले मान्छेलाई सिर्जनशील बनाउँछ भने यौनको कुण्ठाले व्यक्तिलाई असमान्य र अस्वस्थ बनाउन सक्छ । यौनको अति दमनले मान्छे हिंस्रक समेत हुन सक्ने र आदर्श, विवेक सबै गुमाउन सक्ने देखिन्छ । यस कथाका माध्यमबाट कोइरालाले स्वच्छन्द जीवन निर्माणका लागि सहज यौनको निकासमा जोड दिएका छन् । अर्कातिर अतिचार यौनको दमले असामान्य स्थिति निर्माण हुने कुराको सङ्केत गरेका छन् । कथानकको समग्रतालाई टिप्पणी गर्दै राजेन्द्र सुवेदीले भनेका छन् - "यौन उन्मादको उत्कर्षमा मानिस केवल आनन्दको मोहभित्र मात्र सीमित नभई पशुवत् प्रवृत्तितर्फ उन्मुख हुन सक्छ ।"

प्रस्तुत कथा 'श्वेतभैरवी' कथा सङ्ग्रहभित्र सङ्कलित कथा हो । विश्वेश्वर प्रसाद कोइरालाले आत्मसंस्मरणात्मक शैलीमा मनोवैज्ञानिक यथार्थवादतर्फ ढल्केर कथा रचना गरेका छन् । नवयौवना फगुनीमा उत्पन्न भएको यौनको ज्वारभाटालाई प्रकट गर्दै मानव मनमा यौनको अपरिहार्यतालाई सशक्त रूपमा चित्रण गरिएको कथा हो 'श्वेतभैरवी' । यौन प्रसङ्गको विकराल सिर्जनाका पछाडि पृष्ठभूमिको रूप आर्थिक, सामाजिक र सांस्कृतिक पक्षलाई देखाइएको छ । कथानक सूक्ष्म भए पनि सीमित विषयमै गम्भीर विषयको उद्घाटन भएको छ । कथानकमा ३५ वर्ष अगाडिको एक दिनको घटना उल्लेख भए पनि अचेतन मनका यथार्थ पक्षको खोजी गरिएकाले घटना तात्कालिक घटेझैँ देखिन्छ ।

# अध्याय-चार

## पात्र योजनाका आधारमा श्वेतभैरी कथाको विश्लेषण

कथामा देखिने मानवीय तथा मानवेत्तर प्राणीलाई चरित्र वा पात्र भनिन्छ । कथालाई गतिशीलता दिने तथा कथानकका उपकरणका रूपमा रहेका द्वन्द्व, क्रियाव्यापार, कुतूहलता आदिलाई चलायमान गराउने प्रमुख अङ्ग नै पात्र हो । पात्र बिना कथाको कल्पना नै गर्न सकिन्न । पात्रले नै कथाका घटनालाई चित्रण गर्ने गर्दछ । यसरी चरित्रको चित्रण गर्ने ढङ्ग वा पद्धतिलाई चरित्र चित्रण भनिन्छ । अर्थात् आख्यानमा व्यक्तिलाई देखाउने ढङ्गलाई चरित्र चित्रण भनिन्छ । कथाका पात्र वा चरित्रले कथावस्तुसँग अन्योन्याश्रित सम्बन्ध राख्दछ । कथाकारले कथाको उद्देश्य र परिवेश सुहाउने गरी पात्र छनोट गर्दछ । ती छनोट गरिएका पात्रहरूलाई प्रथम वा तृतीय दृष्टिकेन्द्रमा समायोजित गरेर कथावस्तुलाई पूर्णता दिने गर्दछ । कथामा पात्र सङ्ख्या किटान नगरिए पनि कम पात्र भएको उपयुक्त मानिन्छ । कथामा पात्रले प्रत्यक्ष वा नाटकीय जुनसुकै विधि अपनाए पनि उसको निजी पहिचान झल्किएको हुनुपर्छ ।

समग्रमा पात्रहरूले विभिन्न परिवेश र अवस्थामा रहेर कथावस्तुलाई अग्रसरता दिने कार्य गर्दछन् ।

### ४.१ चरित्र चित्रणका आधारहरू

कथामा प्रयोग गरिने पात्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनमा पनि विभिन्नताको आरोपण गरिएको पाइन्छ । कथानक र वातावरणको भिन्नताले गर्दा पात्रका गुणहरू फेरिन पुग्दछन् । पात्रहरूलाई समाजको सजीवता र यथार्थसँग प्रतिनिधित्व हुने गरी प्रस्तुत गर्नु पर्दछ । कथानकमा प्रयोग गरिने पात्रहरूलाई विभिन्न आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

#### १. लिङ्गका आधारमा

लिङ्गका आधारमा पात्र वा चरित्रलाई दुई भागमा बाँड्न सकिन्छ ।

(क) पुलिङ्ग

(ख) स्त्रीलिङ्ग

पात्रहरूको बाह्य वर्णन तथा शरीर, नामाकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदको प्रयोगबाट यस्ता पात्रलाई छुट्याउन सकिन्छ ।

२. कार्यका आधारमा

कार्यका आधारमा पात्रलाई तिन भागमा बाँड्न सकिन्छ ।

(क) प्रमुख पात्र

(ख) सहायक पात्र

(ग) गौण पात्र

कथामा सबै पात्रहरूको भूमिका एउटै किसिमको हुँदैन । कथामा केन्द्रीय भूमिकाको निर्वाह गरी कथाको उद्देश्यलाई पूर्णता दिने नायक वा नायिकालाई प्रमुख पात्र, प्रमुख पात्रको सहयोगी भई उद्देश्य पूरा गर्न सघाउने सहायक पात्र र खासै उल्लेखनीय भूमिका नभएको पात्रलाई गौण पात्र भनिन्छ ।

३. प्रवृत्तिका आधारमा

यस आधारमा पात्रहरूलाई दुई किसिमले विभाजन गर्न सकिन्छ ।

(क) अनुकूल पात्र

(ख) प्रतिकूल पात्र

कथामा सकारात्मक भूमिका निर्वाह गरी पाठकहरूको सहानुभूति प्राप्त गर्ने पात्रलाई अनुकूल (सत्) र नकारात्मक भूमिका निर्वाह गरी पाठकबाट घृणित हुने पात्रलाई प्रतिकूल (असत्) पात्र भनिन्छ ।

४. स्वभावका आधारमा

यस आधारमा पात्रलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

(क) गतिशील (अस्थिर) पात्र

(ख) स्थिर (गतिहीन) पात्र

कथाको प्रारम्भदेखि अन्त्यसम्म एउटै स्थितिमा रही स्वभाव परिवर्तन नगर्ने, परिस्थिति बदलिए पनि स्वभावमा परिवर्तन नआउने पात्रलाई गतिहीन (स्थिर) पात्र भनिन्छ । ऊ आदर्शमा दृढ हुन्छ । तर कथाको कार्यव्यापारबाट प्रभावित भई समय-समयमा विचार परिवर्तन गर्ने पात्रलाई गतिशील (अस्थिर) पात्र भनिन्छ ।

५. जीवन चेतनाका आधारमा

यस आधारमा पात्रहरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

(क) व्यक्तिगत पात्र

(ख) वर्गीय पात्र

आफ्नो निजी स्वभाव वा वैयक्तिकताको भूमिका निर्वाह गर्ने पात्रलाई व्यक्तिगत पात्र भनिन्छ भने निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्रलाई वर्गीय पात्र भनिन्छ ।

६. आसन्नताका आधारमा

कथाको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

(क) मञ्चीय पात्र

(ख) नेपथ्य पात्र

कथामा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन् भने कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेका पात्र नेपथ्य पात्र हुन् । मञ्चीय पात्र वर्तमान बिन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

७. आबद्धताका आधारमा

कथाको कथानकसँगै रहेको पात्रहरूको सम्बन्धलाई आबद्धता भनिन्छ । यस आधारमा पात्र दुई किसिमका हुन्छन् ।

(क) मुक्त पात्र

(ख) बद्ध पात्र

कथाको संरचनामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने र त्यसलाई झिक्दा कथा अपूर्ण बन्न जान्छ भने त्यस्ता पात्रलाई बद्ध पात्र भनिन्छ तर जुन पात्रको अभावमा कथाको संरचना खलबलिन्न त्यस्ता पात्रलाई मुक्त पात्र भनिन्छ ।

## ४.२ श्वेतभैरवी कथाका पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण

पात्र वा चरित्र कथावस्तुलाई गतिशील बनाउने बाहक हुन् । श्वेतभैरवी कथामा मञ्चीय र नेपथ्य गरी ४ पात्रहरू रहेका छन् । मञ्चीय तथा प्रमुख पात्र फगुनी र सहायक पात्र 'म' (सानो बाबु) छन् भने गौण पात्र लेलवा केवट, मिट्ठु रहेका छन् । मनोवैज्ञानिक कथामा थोर पात्र प्रयोग हुन्छन् भने दृष्टिबिन्दु पात्रलाई सशक्त र सबल बनाउने कथाकारको हरदम प्रयत्न रहेको हुन्छ । यसमा पनि मुख्य पात्र फगुनी, सहायक पात्र सानो बाबु र गौण पात्र लेलवा र मिट्ठुको चरित्र चित्रण अत्यन्त मिहिन पारामा यसरी गरिएको छ ।

**श्वेतभैरवी कथामा प्रयुक्त पात्रहरूको शैली वैज्ञानिक आधारमा वर्गीकरण तालिका**

तालिका नं. ६

| क्र. सं. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | फगुनी | | · | · | | | · | | · | | | · | | · | · | |
| २ | म (सानो बाबु) | · | | | · | | · | | | · | · | | | · | · | |
| ३ | लेलवा केवट | · | | | | · | · | | | · | · | | · | | | · |
| ४ | मिट्ठु | · | | | | · | · | | | · | · | | · | | | · |

### ४.२.१ कथाका प्रमुख पात्रहरूको विश्लेषण

#### फगुनी

फगुनी लेलवा केवटकी छोरी र सानो बाबु वा 'म' पात्रका घरमा काम गर्ने केटी भएकाले ऊ स्त्री पात्र हो । कथामा आदिदेखि अन्त्यसम्म सबैभन्दा बढी भूमिका उसकै भएकाले ऊ केन्द्रीय वा प्रमुख पात्र हो । उसले कथाको प्रारम्भदेखि अन्त्यसम्म एउटै किसिमको भूमिका निर्वाह नगरेकाले ऊ गतिशील पात्र हो । किनभने उसमा कुनै बेला कामोत्तेजना बढी सामान्यभन्दा फरक स्वभाव हुने गरेको पाइन्छ । जीवनचेतनाका आधारमा फगुनी व्यक्तिगत पात्र हो किनभे उसले अरू सामान्य स्त्रीहरूले गर्नेभन्दा भिन्न किसिमको भूमिका निर्वाह गरेकी छे । जुन कार्य उसको सानो बाबुमाथिको आक्रमण थियो । आसन्नताका आधारमा उसले प्रत्यक्ष रूपमा कार्यव्यापारलाई अगाडि बढाएकी हुनाले ऊ मञ्चीय पात्र हो । आबद्धताका आधारमा ऊ बद्ध पात्र हो किनभने उस बिना घटनाको परिकल्पना गर्न समेत गाह्रो छ ।

फगुनी सरल र सोझी हुँदाहुँदै पनि उसभित्रको स्वाभिाविक अचेतनाले निकास नपाउँदा ठूलो दुर्घटना हुन पुगेको छ । उसका आवेग कोशीको भेल र त्यसको विध्वंशकारी कार्यसँग तुलनीय छ । नदीले जसरी आफ्ना बलका तोडले छेउछाउका ढुङ्गा, मुढा, बिरूवा बगाउँछ वा बाँधिएका बाँधलाई तोडफोड गरी विध्वंश मच्याउँछ, त्यही स्वरूपको आन्तरिक मानवीय यौन उर्जाले उचित निकास नपाउँदा सामाजिक, सांस्कृतिक बन्धनलाई भत्काउन, उल्लङ्घन हुन सक्छ भन्ने कुरा फगुनीको चरित्रबाट पुष्टि हुन्छ । फगुनी अस्वस्थ र असामान्य यौनसंवेग भएकी पात्र हो । आठ नौ वर्षको बालकलाई चिथोर्न खोज्नुले उसभित्रका आवेगलाई सङ्केत गर्दछ । फगुनीका माध्यमबाट नारीभित्र यौनको ज्वारभाटा पुरूषका तुलनामा बढी हुने सङ्केत पनि देखाउन खोजिएको छ । यौनवेग क्षणिक समयसम्म देखिन्छ तर यसको दूरगामी प्रभाव भने रहन्छ भन्ने सत्यलाई यस पात्रका माध्यमबाट देखाइएको छ । सुरूसुरूमा चेतनाले अचेतनलाई नियन्त्रण गर्ने चेष्टा गरेकै हो तर सानो बाबुले आगोमा घिउ थपेर फगुनीलाई श्वेतभैरवी बनाउने वातावरण दिइएको हो ।

निष्कर्षमा यौनको आवेगले क्षणक्षणमा स्वभाव परिवर्तन भएकाले फगुनी गतिशील पात्र हो । मानवीय गुप्त यौन आवेगका रहस्यलाई प्रस्तुत गर्ने मनोवैज्ञानिक यथार्थवादी पात्र हो । यस पात्रको स्वभाव, प्रवृत्ति सजिलै नबुझिने अमूर्त प्रकृतिको रहेकाले जटिल अन्तर्मुखी पात्र भन्न सकिन्छ । त्यस्तै मौलिक, स्त्री, प्रमुख, वैयक्तिक, मञ्चीय, बद्ध यस पात्रका विशेषता हुन् ।

४.२.२ श्वेतभैरवी कथाका सहायक पात्रको विश्लेषण

मनोवैज्ञानिक कथामा थोरै पात्रहरूको प्रयोग हुने भएकाले सहायक पात्रका रूपमा 'म' (सानो बाबु) मात्र देखिएका छन् । कथाको कोशी नदी किनारको सेरोफोरो, लेलवा केवटको झुपडी र सानो बाबुकै घर रहेका छन् । कथामा स्वयम् कथाकार वाचक भएर 'म' पात्रका रूपमा देखिएका छन् । यसरी हेर्दा यो कथा कालगत परिवेशका दृष्टिले २०१८ सालतिरको हो भन्न सकिन्छ । यसै आधारमा कथाका सहायक पात्रको चरित्र चित्रण गरिन्छ ।

'म' (सानो बाबु)

कथा 'म' प्रथम पुरूषीय दृष्टिबिन्दु पात्रका रूपमा उद्घाटन गरिएको छ । यो बाल पात्र भए पनि फगुनीको कौतुलहताप्रति निकै सचेत छ । फगुनीको विनोदप्रिय मानसिकतालाई नियाली उपयुक्त वर्णन गर्न सक्नु उसको प्रतिभा हो ।

कथामा प्रारम्भदेखि अन्यसम्म उसको महत्त्वपूर्ण भूमिका रहेको छ । फगुनीलाई यौन उमङ्ग ल्याउनमा उसले सशक्त भूमिका खेलेको छ । फगुनीको दुलाहासँगै चुमौन र गौना (चुम्बन र विवाह) विषयमा कुरा गर्दा 'म' पात्रमाथि उसले झम्टेको छ । यी थुप्रै प्रसङ्गलाई हेर्दा ऊ कथाको सहायक पुरूष पात्रका रूपमा रहेको पाइन्छ । 'म' पात्रले कथमा कुनै नकारात्मक कार्य गरेको पाइँदैन र पाठकहरूबाट समेत सहानुभूतिजन्य नै भएकाले उसलाई अनुकूल पात्र नै मान्न सकिन्छ । कथाको आरम्भदेखि अन्त्यसम्म उसको स्वभाव एउटै किसिमको देखिन्छ । अतः ऊ गतिहीन पात्र हो । समाजमा रहेका सम्पूर्ण बालकहरूको प्रतिनिधित्व गरेकाले वर्गीय पात्रका

रूपमा उसलाई लिइन्छ । आसन्नताका आधारमा ऊ स्वयम् कथावाचक भएर आएको छ, त्यसैले मञ्चीय पात्र हो । त्यसैगरी आबद्धताका आधारमा ऊ बद्ध पात्र हो । किनभने उसलाई कथाबाट झिकिदिने हो भने सम्पूर्ण कथाको संरचना नै बिग्रिएर जान्छ ।

सङ्क्षेपमा भन्नुपर्दा 'म' पात्र कथाको सहायक पात्र हो । अबोध बाल पात्र भएकाले ऊ चुमौन र गौनाकै विषयमा पनि अनभिज्ञ रहेको छ । भैरव रूपबाट आतङ्कित बनेको र त्यस्तो आतङ्कबाट बच्न उसले गरेको प्रयत्न स्वाभाविक छ । यस पात्रमा स्थिर, यथार्थवादी, अन्तर्मुखी, मौलिक, गोला, मौलिक, पुरूष, सहायक, अनुकूल, मञ्चीय, बद्ध जस्ता चारित्रिक प्रवृत्ति भेटिन्छन् ।

### ४.२.३ श्वेतभैरवी कथाका गौण पात्रहरू

कोइरालाको आत्मसंस्मरणात्मक शैलीमा लिखित मनोवैज्ञानिक यथार्थवादी यस कथाले सामाजिक, सांस्कृतिक यथार्थलाई उद्घाटन गरेको छ । कथामा चारवटा मात्रै पात्रहरूको प्रयोग गरिएको छ । जसमध्ये फगुनी प्रमुख पात्र, सानो बाबु (म) सहायक पात्र र लेलवा केवट र मिट्ठु गौण पात्रका रूपमा रहेका छन् । गौण पात्रहरूको चारित्रिक विशेषता तल प्रस्तुत गरिन्छ ।

#### लेलवा केवट

कोशी नदीको किनारमा सानो झुपडीमा बस्ने लेलवा केवट घरायसी आर्थिक अवस्था कमजोर भएको व्यक्ति हो । उसले आर्थिक अवस्था कमजोर भएकै कारण आफ्नी छोरीलाई अर्काको घरमा काम गर्न पठाएको र विवाह समयमै गरिदिन सकेको छैन । फगुनीको बुबा भएकाले ऊ पुरूष पात्र हो भन्न सकिन्छ । कथामा उसको खासै भूमिका नभएकाले गौण पात्र हो । सामान्य किसान भएकाले आफ्नो जीवन निर्वाह गर्नु नै उसको दिनचर्या बनेको छ । यसरी उसलाई अनुकूल, गतिहीन, वर्गीय पात्रका रूपमा लिन सकिन्छ । त्यसैगरी कथामा उसको प्रत्यक्ष सहभागिता कतै नदेखिएकाले ऊ आसन्नताका आधारमा नेपथ्य र आबद्धताका आधारमा मुक्त पात्र बनेर आएको छ ।

मिट्ठु

यस कथाको सहायक पात्र सानो बाबुको साथीका रूपमा मिट्ठु देखिएको छ । कथामा उसको भूमिका अन्यत्रै कुनै ठाउँमा रहेको पाइँदैन । 'म' पात्रको प्रिय साथी भएकाले एकान्त कोठामा 'म' पात्रलाई साथी मिट्ठुले पनि मलाई बोलाएनछ, बिर्सेछ की भन्ने सन्दर्भमा मात्रै उसको प्रयोग भएको छ । अतः मिट्ठु पुरूष, गौण, नेपथ्य, मुक्त पात्र बनेर आएको छ ।

सङ्क्षेपमा भन्नुपर्दा प्रस्तुत 'श्वेतभैरवी' कथाको पात्र योजना उपयुक्त नै देखिन्छ । कथा विधामा पात्रहरू यति नै हुनुपर्छ भनी तोक्नुभन्दा पनि कम पात्रहरूको प्रयोग गरी कथाको उद्देश्य र परिवेश सुहाउने भएमा बढी श्रेयस्कर हुन्छ । यस्ता पात्रहरूले परिवेश अनुसार आफ्नो निजत्व झल्काउन सक्नुपर्छ । यसै अनुरूप यस कथामा पनि ४ वटा पात्रहरूको प्रयोग एकदमै उपयुक्त ढङ्गले गरिएको छ । मनोवैज्ञानिक कथामा अझ कम पात्रको प्रयोग गरिनु राम्रो मानिन्छ ।

विश्वेश्वर प्रसाद कोइराला नेपाली साहित्यका क्षेत्रमा यौन विश्लेषण परम्पराकै प्रवर्तक मानिन्छन् । यिनले आफ्नो कथा यात्राको तेस्रो मोडमा फ्रायडीय यौन सिद्धान्तको प्रयोग गरेका छन्; जसको सफल प्रयोग 'श्वेतभैरवी' कथा नै हो । कथानकलाई गतिशीलता दिने तथा कथानकका उपकरणका रूपमा रहेका द्वन्द्व, क्रियाव्यापार, कुतूहलता आदिलाई चलायमान गराउने प्रमुख अङ्ग पात्र नै भएकाले पात्र बिना कथाको कल्पना गर्न नै गाह्रो हुन्छ । कथाकारले यस कथामा प्रयोग गरेका पात्रहरू उद्देश्य र परिवेश सुहाउने किसिमका नै रहेका छन् । कथामा प्रमुख पात्रका रूपमा फगुनी, सहायक पात्रका रूपमा 'म' (सानो बाबु) र गौण पात्रका रूपमा लेलवा केवट र मिट्ठु रहेका छन् । प्रमुख पात्र फगुनी अस्वस्थ्य र असामान्य यौनसंवेग भएकी पात्रका रूपमा देखिएकी छे । फगुनीको चरित्रसँग जोडिएर आउने घरछेउका आँपका रूखहरू निकै महत्त्वपूर्ण बनेका छन् । स्वभाव परिवर्तन गर्ने, मानवीय गुप्त यौन आवेगका रहस्यलाई प्रस्तुत गर्ने मनोवैज्ञानिक यथार्थवादीका रूपमा उसलाई चिन्न सकिन्छ ।

# अध्याय-पाँच

## भाषा शैलीका आधारमा श्वेतभैरवी कथाको विश्लेषण

### ५.१ परिचय

शैली विज्ञानका आधारमा कुनै पनि कृतिलाई अध्ययन विश्लेषण गर्न भाषा विज्ञानले महत्त्वपूर्ण आधार प्रदान गर्दछ । कुनै पनि कृतिमा भाषाका विभिन्न विशेषताहरू रहेका हुन्छन् । त्यस्ता विशेषताहरूलाई पहिल्याउने क्रममा यस कथामा प्रयुक्त भाषाको शैली वैज्ञानिक विश्लेषण निम्न आधारमा गरिन्छ :-

१. भाषिक चयनका आधारमा कथाको विश्लेषण

२. अग्रभूमि निर्माणका आधारमा कथाको विश्लेषण

३. समानान्तरताका आधारमा कथाको विश्लेषण

४. विचलनका आधारमा कथाको विश्लेषण

### ५.२ भाषिक चयनका आधारमा कथाको विश्लेषण

संसारका हरेक व्यक्तिका विचार पनि फरक-फरक हुन्छन् । त्यस्तै भाषामा पनि शब्ददेखि वाक्यसम्मका विभिन्न विकल्पहरू हुन्छन् । कृति वा रचनामा त्यस्ता विकल्पमध्ये एकको छनोट गर्नुपर्छ । यसप्रकारको छनोटलाई नै चयन भनिन्छ । भाषिक आधारमा भन्नुपर्दा कृतिकारसँग उपलब्ध विभिन्न विकल्पमध्ये विशिष्ट र उपयुक्त विकल्पको छनोट नै चयन हो । कुनै पनि कृतिमा प्रस्तुतिगत पृथकताको धेरै महत्त्व हुन्छ । पाश्चात्य साहित्य शास्त्रमा चयन सम्बन्धी अवधारणा सर्वप्रथम कोरिनाद्वारा पिण्डारलाई दिइएको निर्देशनमा पाइन्छ । बीउ बोराबाट हातले निकालेर छर्नुपर्छ बोरा सहित होइन अर्थात् रचनाको रचनाधर्मिता त्यसको छनोटमा हुन्छ; जसका लागि रचनाकार विशेष रूपमा सजग रहेको हुन्छ । यस सम्बन्धमा सिसेरो भन्दछन् - 'राम्रो शैली उपयुक्त एवम् सुहाउँदो शब्दहरूको चयनमा आधारित हुन्छ ।' चयन साहित्यकारले अभिव्यक्त गर्ने अभिव्यक्तिका स्तरमा हुन्छ । तापनि चयनको व्यवहारिक प्रयोजन भाषिक प्रयोगसँग सम्बन्धित हुन्छ । शैली विज्ञान यस्तै चयनको

विशिष्टतालाई पहिल्याउने गर्छ । विकल्पहरूको चयन एकको सट्टामा अर्काले काम चलाउन सक्ने स्थिति हुन्छ ।

यहाँ 'श्वेतभैरवी' कथामा भाषिक चयनका शब्द चयन, चिन्ह प्रयोग र वाक्य चयनका विशेषताहरू प्रस्तुत गरिएको छ ।

### ५.२.१ शब्द चयन

भाषाको अति सानो सार्थक एकाइलाई शब्द भनिन्छ । सर्जकले कृति रचना गर्दा उपयुक्त अर्थ दिने शब्दको चयन गरेको हुन्छ । कृतिलाई रोचक र प्रभावकारी बनाउनका लागि शब्द चयनमा ज्यादै चनाखो हुनुपर्छ । यस श्वेतभैरवी कथामा कोइरालाले गरेको शब्द चयनको विश्लेषण यहाँ गरिन्छ ।

#### ५.२.१.१ तत्सम शब्दको चयन

संस्कृत भाषाबाट रूप नफेरिई आएका शब्दलाई तत्सम शब्द भनिन्छ । कोइरालाले यस कथामा प्रयोग गरेका तत्सम शब्दहरूको प्रयोग यसप्रकार छ ।

(क) कोशी आफ्नो रौद्र नर्तनले विध्वंशकारी प्लावतनमा जति क्षेत्र र आरण्य, ग्राम, गृह, मनुष्य र पशुहरूलाई त्यस वर्षका निम्ति ग्रस्नु थियो; ग्रसेर पुनः आफ्नो सीमित परिधिमा प्रवेश गर्न लागेको थियो । (पृ. ३९)

(ख) वर्षा ऋतु सिद्धिएर शरद्को प्रथम चरण पृथ्वीमा परेको थियो । (पृ. ३९)

(ग) मातृविहीता फगुनी बाबुको स्याहारमा हुर्केकी थिई । (पृ. ४१)

(घ) हामी दुवैलाई अज्ञात रूपबाट वृक्षलाई हल्लाएको भैँ गरेर उत्ताउने गरेर सेलाएर गयो । (पृ. ४६)

#### ५.२.१.२ तद्भव शब्दको चयन

(क) वायु मधुरो वेगले बग्थ्यो । (पृ. ३९)

(ख) उसका खैरा आँखा चम्के । (पृ. ४२)

(ग) उसको हाँसो एकदम बिलायो । (पृ. ४४)

(घ) हात र <u>गोडा</u>मा हिलो अझै लागेको थियो । पृ. ४६)

(ङ) गोराइमा पनि आकर्षणहीन <u>सेतोपन</u> थियो । (पृ. ४०)

५.२.१.३ झर्रा शब्दको चयन

(क) हठात् <u>जुरूक्क</u> उठेर ऊ कोठा कोठा हेर्न थाली । (पृ. ४४)

(ख) म <u>झसङ्ग</u> भएँ- मुटु <u>ढुकढुक</u> भयो के हुन आँट्यो ? (पृ. ४२)

(ग) केही <u>तल</u> दक्षिणपट्टि एउटा पैनीमा मिस्सिएर पुनः कोशीको मूलधारमा प्रवेश गर्थ्यो । (पृ. ४०)

(घ) एउटा रहस्यमय भएको थियो कि <u>करक्क</u> ढोका उघ्रयो । (पृ. ४२)

५.२.१.४ आगन्तुक शब्दको चयन

(क) विश्वव्यापी निरवतामा कुनै सानो शब्द पनि ठूलो <u>विष्फोट</u>का साथ गर्जिन्छ । (पृ. ४१)

(ख) जुन अकस्मात ढङ्गबाट यो <u>तुफान</u> रचिन गएको थियो त्यस्तै अकस्मात ढङ्गबाट त्यो शान्त पनि भयो । (पृ. ४५)

(ग) त्यसमा अब <u>तनाव</u> थिएन; सिङको स्थानको तरूणीको शोभामय उभार मात्र थियो । (पृ. ४६)

५.२.१.५ नामपदको चयन

(क) <u>लेलवा</u>की छोरी <u>फगुनी</u> सोह्र वर्षकी हुँदी हो । (पृ. ४०)

(ख) <u>नदी</u>को किनारमा <u>काँस</u>को टल्कने <u>मुकुट</u> <u>हावा</u>मा हल्लिरहेको थियो । (पृ. ३९)

(ग) <u>कोशी</u>मा बाढी आउने बित्तिकै यहाँको पानी धमिलिएर अशान्त हुन थाल्यो । (पृ. ३९)

(घ) हे <u>ईश्वर</u> ! मलाई बचाऊ ।

५.२.१.६ सर्वनामको चयन

(क) त्यसलाई घर के भन्ने सानो छाप्रो थियो । (पृ. ३९)

(ख) त्यो असाधारण ढङ्गबाट गोरी थी । (पृ. ४०)

(ग) मैले पौरूष झिकेर सोधे- तिम्रो दुलाहा खोइ नि ? (पृ. ४३)

(घ) त्यस दिन तिम्रो रगत र मेरो रगत बाँसको थुप्रोमाथि मिस्सिएको थियो । (पृ. ४६)

५.२.१.७ विशेषणको चयन

(क) गोराइमा पनि आकर्षणहीन सेतोपन थियो । (पृ. ४०)

(ख) उसको शरीर झन् कठोर उसको दृष्टि झन् कालिमामय । पृ. ४४)

(ग) शान्त, शीतल, अनुद्धिग्न, हाँस्यका साथ श्वेतवर्ण ग्राम तरूणी फगुनीले मलाई सोधी - सानो बाबु धेरै चोट लाग्यो कि ? (पृ. ४५)

(घ) नीलो या कालो आँखामा जति अतलताको भान हुन्छ त्यति खैरो आँखामा हुँदैन । (पृ. ४२)

५.२.१.८ क्रियापदको प्रयोग

(क) धेरै दिन पहिलेको कुरा हो; प्रायः पैतीस वर्ष अगाडिको । दश-एघार वर्षको हुँदो हुँ । (पृ. ३९)

(ख) फगुनीमा एउटा विशेषता थियो । त्यो असाधारण ढङ्गबाट गोरी थी । (पृ. ४०)

(ग) मैले हाँसेर भने -गौनाका लागि धेरै दिन पर्खनु पर्छ; होइन ? (पृ. ४६)

(घ) एकछिनपछि मिट्ठुले मलाई त्यस अवस्थामा पाएँ । मेरो घाउ धाइयो । (पृ. ४६)

५.२.२ निपातको चयन

(क) श्रृङ्गारको साधना उसमा कहाँ थियो र ? (पृ. ४०)

(ख) ल, ल चाँडै उठन, बाबु ! मलाई अबेर हुन्छ । (पृ. ४२)

(ग) मैले त्यसैले भनेँ - आज नयाँ धोती लाएकी छौ नि । (पृ. ४२)

(घ) यहाँ अरू त कोही छैन ? तल नि ? (पृ. ४४)

(ङ) घटना पनि सानो छ र, छोटकरीमा नै सुनाउनु पनि छ मलाई । (पृ. ४१)

### ५.२.३ संयोजकको चयन

(क) पृथ्वी प्रसव वेदनाबाट ब्युँझिएकी जस्ती थिई, त्यस्तै चिसी र काँतर । (पृ. ३९)

(ख) त्यसको स्वभावमा पनि अनौठोपन थियो जो गाउँका युवतीहरूमा पाइँदैनथ्यो । (पृ. ४०)

(ग) साना-साना आँपका टिकोरा पनि फल्थे तर फल कहिल्यै पनि बढ्न पाउँदैनथे । (पृ. ४१)

(घ) जीवनमा पहिलो अवसर थियो मेरा लागि जब कसैको आँखापट्टि मेरो ध्यान गएको थियो र जसको दृष्टिको अनुभव मलाई हुन लागेको थियो ।

### ५.२.४ श्वेतभैरवी कथामा प्रयुक्त लेख्य चिन्हको प्रयोग

साहित्यिक अभिव्यक्तिलाई सन्दर्भ अनुसार अर्थपूर्ण बनाउनका लागि लेख्य चिन्हको प्रयोग गरिन्छ । सबै भाषामा लेख्य चिन्हको प्रयोग गरिए पनि नेपालीमा केही फरक चिन्हको प्रयोग समेत हुने गर्दछ । साहित्यिक अभिव्यक्तिलाई मार्मिक, गहकिलो र ओजपूर्ण बनाउनका लागि यस्ता चिन्हको प्रयोग ज्यादै उपयोगी मानिन्छ ।

यस कथामा प्रयोग गरिएका लेख्य चिन्ह तथा तिनको प्रयोग यसप्रकार गरिएको छ :-

#### ५.२.४.१ पूर्णविराम चिन्ह ( । )

(अ) वर्षा ऋतु सिद्धिएर शरद्को प्रथम चरण पृथ्वीमा परेको थियो । (पृ. ३९)

(आ) फगुनी हाम्रो घरमा काम गर्थी । (पृ. ४१)

#### ५.२.४.२ अर्धविराम चिन्ह ( ; )

(अ) धेरै पहिलेको कुरा हो; प्रायः पैतीस वर्ष अगाडिको । (पृ. ३९)

(आ) फगुनी बालिका थिइन; न त त्यो परिपक्व युवती । (पृ. ४०)

५.२.४.३ अल्पविराम चिन्ह ( , )

(अ) नदीको उत्पातका चिन्ह ठाउँ-ठाउँमा जमेको जलराशि, दह, पैनी, हिलो र दलदल चारैतिर देखा पर्थे । (पृ. ३९)

(आ) त्यसलाई घर के भन्ने, सानो छाप्रो थियो । (पृ. ३९)

५.२.४.४ विस्मयादिसूचक चिन्ह ( ! )

(अ) ल, ल, चाँडै उठन बाबु ! मलाई अबेर हुन्छ । (पृ. ४२)

(आ) मैले फेरी भनेँ - धत् ! (पृ. ४३)

५.२.४.५ प्रश्नवाचक चिन्ह ( ? )

(अ) कहाँ छ त्यो ? बाँचेकी नै छ ? गौना कहिले भयो होला उसको ? (पृ. ४७)

(आ) चुमौन के ? (पृ. ४३)

५.२.६ निर्देशक चिन्ह (-)

(अ) मैले भनेँ - गौनाका लागि धेरै दिन पर्खनु पर्छ, होइन ? (पृ. ४६)

(आ) हाँसेर भनी - तिमी मेरो दुलाहा । (पृ. ४४)

५.२.५ श्वेतभैरवी कथामा प्रयुक्त वाक्यहरूको चयन

उपवाक्यभन्दा ठूलो व्याकरणात्मक एकाइलाई वाक्य भनिन्छ । संरचनाका आधारमा वाक्यहरू सरल, संयुक्त र मिश्र गरी ३ प्रकारका हुन्छन् । कुनै पनि कृतिमा आफ्ना विचारहरूलाई अर्थपूर्ण किसिमबाट अभिव्यक्त गर्नका लागि साहित्यकारले वाक्य चयनमा विशेष ध्यान दिएको हुन्छ । यस श्वेतभेरवी कथामा पनि सरल, संयुक्त, मिश्र, प्रश्नार्थ, सम्भावनार्थ, आज्ञार्थ आदि किसिमका वाक्यहरूको प्रयोग गरिएको छ ।

(क) धानका खेत कहीँ पहेंलिन लागेका थिए । (पृ. ३९)

(ख) कोशी नदी मानौँ पुन : आफ्नो स्थानमा फर्केर आइन् र मन्द गतिले बग्न थालिन् । (पृ. ४५)

(ग) जुन अकस्मात ढङ्गबाट यो तुफान रचिन गएको थियो त्यस्तै अकस्मात ढङ्गबाट त्यो शान्त पनि भयो । (पृ. ४५)

(घ) मैले भनेँ - मलाई ठीक छ, फगुनी ! तिमी जाऊ । (पृ. ४६)

(ङ) मैले हाँसेर भनेँ - गौनाका लागि धेरै दिन पर्खनु पर्छ, होइन ? (पृ. ४६)

(च) गौना कहिले भयो होला उसको ? (पृ. ४७)

(छ) कहाँ छ त्यो ? बाँचेकी नै छ ? गौना कहिले भयो होला उसको ? (पृ. ४७)

(ज) कोशीको त्यो भङ्गालो, त्यो हुर्किन नसकेको आँपको रूख र लेलवा केवटको के हाल छ आजकल ? (पृ. ४७)

## ५.३ अग्रभूमि निर्माणका आधारमा कथाको विश्लेषण

रचनाको कुनै अंशलाई विशिष्ट प्रभावशाली र आकर्षक तुल्याउन सो अंशमा विशेष जोड दिनु नै अग्रभूमि निर्माण हो । अग्रभूमि निर्माणले पाठक वा स्रोतामा आकर्षण पैदा गर्दछ । यसले साहित्यमा परम्परागत भाषामा नवीनता र विशष्टता सिर्जना गरेर साहित्यिक सौन्दर्य बढाउँछ । वस्तुतः अग्रभूमि निर्माण चित्रकलाका क्षेत्रमा प्रचलित रूपात्मक पद हो । चित्रकला क्षेत्रमा कुनै पनि चित्रलाई एउटै आधारभूमिमा प्रस्तुत गर्दा चित्र स्पष्ट र प्रभावकारी नहुने हुँदा तिन किसिमको आधारभूमि तयार पार्दछ । ती आधार पश्चभूमि, मध्यभूमि र अग्रभूमि हुन् । अग्रभूमि निर्माण साहित्यिक शैली विज्ञानका क्षेत्रमा विचलन र समानान्तरता गरी दुई किसिमले देखिन्छ ।

प्रस्तुत कथा श्वेतभैरी कथा सङ्ग्रहभित्र सङ्कलित भएको र कथाको शीर्षक पनि श्वेतभैरवी नै भएकाले सबैभन्दा बढी यसै कथामा केन्द्रित भएर अग्रभूमिको विश्लेषण गरिन्छ । यस कथा सङ्ग्रहको बाह्य आवरणमा अग्रभूमिमा एउटी महिला जसका केश फिजालिएका, धोती फुकिरहेको र कुनै निरीह बालक जस्तै देखिने पुरूषमाथि आक्रमण गरी हातले झम्टिरहको चित्र देखाइएको छ । यहाँ देखिने यी आक्रमक महिला श्वेतभैरवी जस्ती देखिन्छे । स्त्री जातीमा देखिएका विभिन्न स्वरूपहरू विद्यमान रहने हुनाले ती महिलामा दमिन यौनेच्छा भएकाले त्यसको बाह्य प्रकटीकरण उनमा श्वेतभैरवीको स्वरूप देखा परेको कुरालाई नदी, नदीको बहाव,

भङ्गालो र बगरलाई देखाउन खोजेको छ । यसबाट के देखाउन खोजेको छ भने नदीको जस्तै असंयमित बहाव, खोलाको बगर जस्तै उराठ लाग्दो जीवन तथा नदीको भङ्गालो जस्तै जीवनका विभिन्न मोडहरूलाई श्वेतभैरवीको जीवनसँग दाँज्न खोजिएको छ । यसको पश्चभूमिमा साधारण रूपमा रातो रङ्गको आवरण रहेको छ । यसले व्यक्तिको जीवनको शिथिलतालई प्रतिबिम्बित गरेको छ । अथवा हरेक व्यक्तिको जीवनको सामान्य अवस्थालाई पृष्ठभूमिले देखाउन खोजेको ठहरिन्छ ।

यसरी हेर्दा कथा सङ्ग्रहको आवरण पृष्ठमा रहेको चित्रबाट अग्रभूमि निर्माण कार्य ज्यादै प्रभावकारी ढङ्गले भएको पाइन्छ । कथाकारले भित्रको विषयवस्तु र अग्रभूमिका बिच एकदमै मेल खाने गरी संयोजन गरेको पाइन्छ ।

यस किसिमको अग्रभूमि निर्माण चित्रकारितामा आधारित रहेको पाइन्छ भने भाषा शैली पक्षसँग यसको तुलना गर्दा समानता र विचलन गरी दुई आधारमा गरेर हेर्नुपर्ने हुन्छ ।

## ५.४ समानान्तरताका आधारमा कथाको विश्लेषण

समानान्तरता शब्दको पहिलो प्रयोग आजभन्दा लगभग २०० वर्ष पहिले भएको पाइन्छ । बाइबलको छन्द योजनामा पदहरूको द्विपदीय अभिव्यक्तिका सन्दर्भमा समानान्तरताको पहिलो पटक प्रयोग भएको पाइन्छ । यसको पहिलो पटक प्रयोग गर्ने काम रोनाल्ड मान्ली ह्याप्किन्सबाट सन् १९६५ मा भएको हो । यसको अवधारणापछि रोमन ज्याकोब्सनद्वारा समतुल्यता वा समानान्तरताका रूपमा ए.आर. लिविनद्वारा युग्मका रूपमा र सेपिरोद्वारा प्रतिसमता विविध रूपमा विकसित भएको पाइन्छ । यसरी कुनै पनि साहित्यिक कृतिमा व्याकरण, छन्द र अलङ्कारको नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ । स्रष्टाले आफ्नो अभिव्यक्तिलाई प्रभावोत्पादक, आकर्षक बनाउनका लागि समानान्तरता जस्तो अग्रभूमि निर्माणको महत्त्वपूर्ण उपकरणका रूपमा लिइएको हुन्छ । समानान्तरताको सन्तुलित प्रयोगबाट कृतिमा सौन्दर्यात्मकता र कलात्मकताको अभिवृद्धि हुन्छ तर यसको अत्यधिक प्रयोगले भाषिक

अभिव्यक्तिलाई आडम्बरपूर्ण समेत बनाउन सक्छ । समानान्तरता आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् ।

### ५.४.१ बाह्य समानान्तरता

वर्ण, शब्द र वाक्यको तहमा हुने पुनरावृत्तिको अवस्थालाई बाह्य समानान्तरता भनिन्छ । एकभन्दा बढी ध्वनि, शब्द, रूप, पदावली, वाक्य आदिका आवृत्ति भई भाषामा बाह्य समानान्तरको सिर्जना हुन्छ । श्वेतभैरवी कथामा प्रयोग भएका बाह्य समानान्तरताका केही उदाहरणहरू यसप्रकार छन् :-

- नदीको किनारामा काँसको टल्किने मुकुट हावामा हल्लिरहेको थियो । (पृ. ३९)
- वायु मधुरो वेगले बग्थ्यो । (पृ. ३९)
- लेलवाको घरलाई छुँला-छुँला जस्तो गरेर हा......हा..... गर्दै दक्षिणपट्टि संवेग बग्न थाल्यो । (पृ.४०)
- नीलो या कालो आँखामा जति अतलताको भान हुन्छ त्यति खैरो आँखामा हुँदैन । (पृ. ४२)
- विवाह, पति, पत्नी र प्रेमसँग सम्बन्ध राख्ने वस्तु हो चुम्बन । (पृ. ४४)
- वर र केटीको रगत-रगत जोर्छन् । (पृ. ४४)
- मलाई बचाऊ, बचाऊ श्वेतभैरवीको दानवी नङ्ग्राबाट । (पृ.४५)
- उसको पतिले श्वेतभैरवीको दर्शन पायो होला कि पाएन होला ? (पृ. ४७)

माथिका उदाहरणहरूमा वर्ण, शब्द, पदावलीका तहमा पुनरावृत्ति भएकाले बाह्य समानान्तरताको प्रयोग भएको पाइन्छ; जसले गर्दा कथाको सौन्दर्य र आकर्षण थपिएको छ ।

### ५.४.२ आन्तरिक समानान्तरता

कुनै पनि साहित्यिक कृतिमा हुने भावार्थ र वाच्यार्थको नियमित पुनरावृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ । आन्तरिक समानान्तरता अभिव्यक्तिमा, अर्थमा रहेको

हुन्छ । भाषिक अभिव्यक्तिका क्रममा देखिने कोशीय, व्याकरणात्मक, अर्थतात्त्विक लगायतका विचलन साहित्यमा प्रयुक्त हुन्छन् । सामान्यतः आन्तरिक समानान्तरता आर्थी तहमा रहेको हुन्छ । समानान्तरता सार्थक र प्रयोजनमुखी भएन भने अभिव्यक्तिको महत्त्व रहँदैन । (अधिकारी हेमाङ्ग राज सम्प्रेषण : १७ अङ्क १)

प्रस्तुत श्वेतभैरवी कथामा रहेका आन्तरिक समानान्तरतायुक्त वाक्यहरू निम्नानुसार रहेका छन् ।

- पृथ्वी प्रसव वेदनाबाट ब्युँझिएकी जस्ती थिई, त्यस्तै चिसी र काँतर । (पृ. ३९)
- त्यस विश्वव्यापी निरवतामा कुनै सानो शब्द पनि ठूलो विस्फोटका साथ गर्जिन्छ र आशाङ्कित आकुलताको मुटु ढुकढुक गर्न थाल्छ । (पृ. ४१)
- किचकन्याहरूको पल्टेको गोडा र छातीमा उम्रेको सिङ पनि नीरवताको बाक्लो पर्दामा छायाँ जस्तो मैले देखेँ । (पृ. ४२)
- मानव अहिलेसम्म पनि असहाय नै छ बालक; प्रकृतिको बिचबिचमा उघ्रिएको विराट रूपको दर्शनले अत्याहटमा आएर भयग्रस्त । (पृ. ४५)
- सम्पूर्ण गाउँमा हठात् एउटा शब्दहीनताको बाक्लो पर्दा पर्छ । चराचर मौन भएर थामिन्छ । पन्छीहरू पनि आफ्ना-आफ्ना गुँडमा निःशब्द भएर पर्खिरहेका हुन्छन् । (पृ. ४१)
- अलिक काला भए त्यसका आँखा । पालुवा हाल्नुभन्दा पहिले पतझडमा खेरिँदै गएको वृक्ष समूहमाथि बादलको छायाँ परेको जस्तो धमिलो । (पृ. ४३)

माथिका उदाहरणका आधारमा के भन्न सकिन्छ भने कथाकारले कथामा आन्तरिक समानान्तरताको प्रयोग प्रशस्त मात्रामा गरेको पाइन्छ । यसका माध्यमबाट कथानकीय भावलाई सुन्दर, आकर्षक र व्यङ्ग्यात्मक बनाइएको पाइन्छ ।

## ५.५ विचलनका आधारमा कथाको विश्लेषण

सामान्य नियम वा प्रचलित संरचनाको अतिक्रमणलाई विचलन भनिन्छ । विचलन व्याकरणका स्तरमा मात्र नभई अर्थका स्तरमा पनि प्रयुक्त भएर सतहबाट

विसङ्गत लाग्ने खलका अर्थलाई पनि सङ्गत बनाउँछ । सामान्य अर्थमा चलनचल्तीमा भएको कुरा हट्नु नै विचलन हो । साहित्यिक कृतिमा अर्थगत अभिव्यक्तिमा विचलन देखिन्छ । यसरी आउने अर्थगत विचलनलाई विभिन्न सात प्रकारमा बाँडेर हेर्न सकिन्छ ।

(क) कोशीय विचलन

(ख) व्याकरणिक विचलन

(ग) ध्वनि प्रक्रियात्मक विचलन

(घ) अर्थतात्त्विक विचलन

(ङ) भाषिक विचलन

(च) प्रयुक्ति विचलन

(छ) लेख प्रक्रियात्मक विचलन

यो विचलनका प्रकारहरूलाई श्वेतभैरवी कथाका आधारमा विश्लेषण गरेर हेर्न सकिन्छ ।

## ५.५.१ कोशीय विचलन

कोशमा प्रयुक्त हुने शब्दले मात्र भाषिक अभिव्यक्तिको सामर्थ्यलाई वहन गर्न नसकेमा स्रष्टाले नयाँ शब्दको निर्माण गर्नुलाई कोशीय विचलन भनिन्छ । यस कथामा कोशीय विचलन भएका शब्दहरू न्यून मात्रामा रहेका छन् ।

- कोशी आफ्नो रौद्र नर्तनले विध्वंशकारी प्लावनतामा जति क्षेत्र र आरण्य, ग्राम, गृह, मनुष्य र पशुहरूलाई त्यस वर्षका लागि ग्रस्नु थियो । (पृ. ३९)
- एउटा रहस्यमय भएको थियो कि करक्क ढोका उघ्र्यो । (पृ. ४२)
- गृहस्थीका कामले मैलोधैलो भइसकेको थियो । (पृ. ४४)

## ५.२.२ व्याकरणिक विचलन

हरेक भाषामा आ-आफ्नै किसिमको व्याकरणिक व्यवस्था रहेको हुन्छ । साहित्यकारले आफ्ना अभिव्यक्ति दिँदा यस्ता नियमहरू भङ्ग गर्दछ भने त्यस

नियमको उल्लङ्घन गर्ने प्रक्रियालाई व्याकरणिक विचलन भनिन्छ । श्वेतभैरवी कथामा यस्ता व्याकरणिक विचलन भएका थुप्रै उदाहरणहरू रहेका छन् ।

- घटना पनि सानो छ र, छोटकरीमा नै सुनाउनु पनि छ मलाई । (पृ. ४१)
- मैले फगुनीलाई हेरिमात्र रहो केवल आलस्यले । (पृ. ४२)
- चुम्बन ! युगल-ओष्ठद्वयको सङ्गम तीर्थ । (पृ.४३)
- म भागिरहेको थिएँ, काँतरभीत बालक । (पृ. ४५)
- तर जे होस्; एउटा ठूलो हुरी त बग्यो केही छिन पहिले । (पृ. ४६)

### ५.५.३ अर्थतािŒवक विचलन

भाषिक अभिव्यक्तिका क्रममा अर्थका दृष्टिले हुने विचलनलाई नै अर्थतात्त्विक विचलन भनिन्छ । वाक्यको अविधामूलक अर्थमा आएर अन्य विशिष्ट अर्थ व्यञ्जित हुनु पनि अर्थतात्त्विक विचलन हो । यस्तो विचलन कथामा यसरी प्रयोग भएको छ ।

- श्वमशानमा हाड चबाउने कालो थुतुनो भएको बोक्सीको कुकुर मनमा आयो । (पृ. ४२)
- म भुट्टिन्छु उसको उन्मत्त उच्छ्वासको भट्टीमा, म उनिन्छु उसको छातीको सिङमा - बचाऊ मलाई । (पृ. ४५)

### ५.५.४ ध्वनि प्रक्रियात्मक विचलन

भाषाको कुनै खास एकाइको उच्चारणमा मानकसँग स्पष्ट रूपमा छुट्याउन सकिने अन्तर नै ध्वनि प्रक्रियात्मक विचलन हो । यस प्रकारको विचलन कथामा ज्यादै कम भएको छ ।

- हाम्रो घरबारीको दक्खिन पूर्वको कुनामा लेलवाको सानो घर थियो । (पृ. ३९)
- गाउँका अरू आइमाईभन्दा सेख अल्गी गोल-गोल अवयव-फगुनीमा ग्रामीण आकर्षण थिएन । (पृ. ४०)

५.५.५ प्रयुक्ति विचलन

एउटा प्रसङ्ग र परिस्थितिमा प्रयोग हुनुपर्ने भाषालाई अर्को प्रसङ्ग र परिस्थितिमा प्रयोग गर्नु नै प्रयुक्ति विचलन हो । प्रयुक्ति विचलनले यस कथामा कमै मात्रामा स्थान पाएको देखिन्छ ।

- पन्छीहरू पनि आफ्ना-आफ्ना गुँडमा निःशब्द भएर पर्खिएका जस्ता हुन्छन् । (पृ. ४१)
- त्यस विश्वव्यापी निरवतामा कुनै सानो शब्द पनि ठूलो विष्फोटका साथ गर्जिन्छ; र आशङ्कित आकुलताले मुटु ढुकढुक गर्न थाल्छ । (पृ. ४१)

५.५.६ भाषिक विचलन

भाषाको शिष्ट र मानक रूपले सट्टा भाषिकागत विशेषताको प्रयोग गर्नु भाषिका विचलन हो । गाउँका अरू आइमाईभन्दा सेख अल्गी गोल-गोल अवयव-फगुनीमा ग्रामीण आकर्षण थिएन । (पृ. ४०) बाहेकका वाक्यमा यस्तो विचलन भएको देखिँदैन ।

५.५.७ लेख-प्रक्रियात्मक विचलन

भाषामा लेख्य प्रक्रियाको एउटा निश्चित व्यवस्था हुन्छ तर त्यसभन्दा फरक पारेर लेखन कार्य गरिएमा त्यसलाई लेख प्रक्रियात्मक विचलन भनिन्छ । यस्तो विचलन यस कथामा भएको पाइँदैन तथापि कथा सङ्ग्रहको बाह्य आवरणमा लेखिएको श्वेतभैरवी स्तरीय किसिमले नलेखेर परम्परागत किसिमले लेखिएको छ ।

यस अध्यायमा श्वेतभैरवी कथाको शैली वैज्ञानिक अध्ययन गरिएको छ । अध्ययन गर्नका लागि भाषिक चयन, अग्रभूमि निर्माण समानान्तरता र विचलनलाई प्रमुख आधार बनाइएको छ ।

कृति वा रचनामा विभिन्न किसिमका विकल्पहरू मध्ये कुनै एकको छनोट गर्नुलाई चयन भनिन्छ । चयनले अभिव्यक्तिलाई आकर्षक र विशिष्ट बनाउँछ । चयन

अन्तर्गत शब्दवर्गदेखि लिएर लेख्य चिन्हको प्रयोगसम्मका कुराहरू पर्दछन् । यी विभिन्न आधारमा श्वेतभैरवी कथालाई विश्लेषण गरेर हेर्दा पूर्ण रूपमा सफल रहेको पाइन्छ ।

समानान्तरता भनेको भाषा प्रयोगमा देखिने नियमित पुनरावृत्ति हो । सामानान्तरता भाषिक संरचनात्मक एकाइ र अर्थ दुवैका स्तरमा हुन सक्दछ; जसलाई बाह्य र आन्तरिक समानान्तरता भनिन्छ । यस आधारमा पनि प्रस्तुत कथा सफल नै रहेको पाइन्छ ।

सामान्य भाषिक नियमको उल्लङ्घनलाई विचलन भनिन्छ । अर्को शब्दमा चलनचल्तीमा भएको कुरा हट्नुलाई विचलन भनिन्छ । विचलनलाई जोफ्री लिचले विभिन्न सात प्रकारमा बाँडेका छन् । कोशीय, व्याकरणिक, अर्थतात्त्विक, प्रयुक्ति, भाषिक, ध्वनि प्रक्रियात्मक र लेख प्रक्रियात्मक गरी सात प्रकारका विचलनहरूको प्रयोग श्वेतभैरवी कथामा आंशिक रूपमा गरिएको पाइन्छ । यसमध्ये भाषिक विचलन र लेख प्रक्रियात्मक विचलनको प्रयोग भने शून्य प्रायः नै रहेको छ । समग्रमा भन्नुपर्दा भाषिक चयन, समानान्तरता र विचलनका आधारमा प्रस्तुत श्वेतभैरवी कथा उपयुक्त रहेको पाइन्छ ।

# अध्याय-छ

## निष्कर्ष तथा सुझावहरू

### ६.१ निष्कर्ष

नेपाली कथा साहित्यमा एक विशिष्ट र नितान्त नयाँ मान्यता एवम् प्रस्तुतीकरण गर्ने प्रणेताको नाम हो विश्वेश्वर प्रसाद कोइराला । उनका दुई उत्कृष्ट कथा सङ्ग्रह मध्येकै उत्कृष्ट कथा श्वेतभैरवीको शैली वैज्ञानिक अध्ययन गरी सकेपछि निस्किएको निष्कर्ष बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।

प्रस्तुत श्वेतभैरवी कथा यौन मनोविश्लेषणात्मक यथार्थवादको धरातलमा उभिएर लेखिएको पाइन्छ । आत्मसंस्मरणात्मक शैलीमा संरचित मनोवैज्ञानिक यथार्थवादी यस कथाले सामाजिक, सांस्कृतिक यथार्थलाई उद्घाटन गरेको छ । यौन प्रसङ्गको विकराल सिर्जनाका पछाडि आर्थिक, सामाजिक र सांस्कृतिक पृष्ठभूमिलाई समेत देखाइएको छ । मनोविश्लेषणात्मक कथा भएकाले आख्यानको सूक्ष्मता पाइनु पनि महत्त्वपूर्ण पक्ष मानिन्छ । सीमित घटना भए पनि विषयवस्तुको गाम्भीर्यताले कथानकको महत्त्व अझ बढी भएको पाइन्छ । कथानकको पृष्ठभूमिले पनि विषयवस्तुलाई स्पष्ट पार्न ज्यादै सहयोग पुऱ्याएको छ ।

शीर्षकको प्रतीकात्मक अर्थ र विषयवस्तुका बीच अन्योन्याश्रित सम्बन्ध रहेकै पाइन्छ । कथानकले यौनलाई जीवनको उर्जा ठान्दै चेतन दमित हुँदै गएपछि अचेतन बढी सशक्त हुने यथार्थ कुरो प्रस्फुटित गरेको छ । मनोवैज्ञानिक कथामा समावेश गरिएका पात्रहरू आ-आफ्नो स्थानमा उपयुक्त नै देखिन्छन् । कथामा विभिन्न वर्ग तथा क्षेत्रका शब्दहरू प्रयोग गरी एकदमै रोक बनाइएको छ । आवश्यकता अनुसार चिन्हको प्रयोग गर्दै वाक्य गठन समेत स्तरीय नै गरिएको छ । कथामा आन्तरिकभन्दा पनि बाह्य समानान्तरताले बढी स्थान ओगटेको छ । विचलनका आधरमा सबैभन्दा बढी व्याकरणिक विचलनको बाहुल्यता रहेका पाइन्छ ।

यसरी हेर्नुपर्दा मानवका मनका आन्तरिक गुह्य कुराहरूलाई प्रस्फुटन गरी कथालाई समाधान गर्नु कोइरालाको महत्त्वपूर्ण खुबी मानिन्छ ।

## ६.२ सुझावहरू

श्वेतभैरवी कथाको शैली वैज्ञानिक अध्ययन गरी सकेपछि यस कथाका सम्बन्धमा दिइएका केही सुझावहरू निम्न प्रकार रहेका छन् :-

(क) कथामा प्रमुख पात्र फगुनीको भूमिका महत्त्वपूर्ण भए पनि आदि र अन्त्यमा समेत उसको केही बढी भूमिका गराएको भए अझ सुनमा सुगन्ध हुन जान्थ्यो ।

(ख) पात्र योजना सीमित मात्रामा हुनु राम्रो पक्ष भए पनि प्रमुख पात्रका तुलनामा सहायक पात्र बढी सक्रिय भएको देखिन्छ । यसमा प्रमुख पात्रलाई अझ बढी सक्रिय देखाएको बढी बढी प्रभावकारी हुन्थ्यो ।

(ग) झिनो कथानकमा कौतुहलता बढी भए तापनि विषय वस्तु केही काँटछाँट गर्दा छोटो र आकर्षित हुने देखिन्छ ।

(घ) कथामा भाषिक चयन उपयुक्त किसिमको भए पनि योजक चिन्हको बढी प्रयोग भएको पाइन्छ ।

(ङ) आर्थी तहमा देखिने आन्तरिक समानान्तरता केही थप भएको भए कथा बढी साहित्यिक हुने थियो ।

(च) कथामा विचलनको प्रयोग आवश्यक ने मानिन्छ तर यहाँ व्याकरणिक विचलनका तुलनामा भाषिक विचलन र प्रयुक्ति विचलनको समेत प्रयोग गरिँदा अझ राम्रो हुने थियो ।

## ६.३ शिक्षणीय उपयोगिता

शैलीविज्ञानले भाषाका विविध पक्षहरूको अध्ययन विश्लेषण गर्ने हुनाले अध्ययन अध्यापनमा यसले ज्यादै सहयोग पुऱ्याउँछ । कुनै पनि कृतिका विभिन्न पक्षहरूलाई स्पष्ट ढङ्गबाट केलाएर विश्लेषण गर्ने हो भने त्यसले आन्तरिक कुरालाई खुलासा गर्दछ; अनि मात्र पाठक वर्गका निम्ति त्यो सजिलै बुझ्न सकिने हुन्छ । यसै कुरालाई मध्यनजर गर्दै प्रस्तुत श्वेतभैरवी कथालाई पनि विभिन्न भाषा वैज्ञानिक ढङ्गले अध्ययन विश्लेषण गरिएको हो । यसका निम्ति कथानक, पात्र, भाषिक पक्ष, शब्द चयन, भाषिक विचलन, समानान्तरता आदिका दृष्टले कथाको विश्लेषण गरिएको

हो । श्वेतभैरवी कथाको अध्ययन अध्यापनमा देखा परेका सम्पूर्ण समस्याहरूलाई पूर्ण समाधान गर्ने काम यस अध्ययन विश्लेषणले गर्दछ । यो नै यस शोधपत्रको शिक्षणीय उपयोगिता हो ।

## भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

१. यौन मनोवैज्ञानिक दृष्टिले श्वेतभैरवी कथाको विश्लेषण,

२. बिम्ब र प्रतीकका आधारमा श्वेतभैरवी कथाको विश्लेषण,

३. पात्र योजनाका आधारमा श्वेतभैरवी कथाको विश्लेषण,

४. शीर्षक सार्थकताका आधारमा श्वेतभैरवी कथाको विश्लेषण,

५. परिवेशका आधारमा श्वेतभैरवी कथाको विश्लेषण ।

# सन्दर्भग्रन्थ सूची

# सन्दर्भग्रन्थ सूची

- अधिकारी, हेमाङ्गराज (२०६०), **समसामयिक नेपाली व्याकरण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
- ........................... (२०६१), **शैलीविज्ञान, पृष्ठभूमि र विश्लेषण प्रक्रिया**, सम्प्रेषण वार्षिक पत्रिका : अङ्क - १ ।
- ........................... (२०६२), **सामाजिक तथा प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : रत्नपुस्तक भण्डार ।
- ........................... (२०६३), **प्रयोगात्मक सरल नेपाली व्याकरण**, दोस्रो संस्करण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
- अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।
- कोइराला विश्वेश्वरप्रसाद (२०५०), **श्वेतभैरवी**, ललितपुर : साझा प्रकाशन ।
- खड्का, रमेश (२०६४), **'अभागी' कथाको शैली वैज्ञानिक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि., कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।
- ढकाल, शान्तिप्रसाद (२०५७), **सामान्य भाषाविज्ञान**, काठमाडौं : शुभकामना प्रकाशन ।
- ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दहाल (२०६४), **नेपाली कथा र उपन्यास,** काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।
- न्यौपाने, श्रीराम (२०६७), **नेपाली कथा र उपन्यास,** काठमाडौं : जनसाहित्य उत्थान समाज ।
- पन्त, द्रोपती (२०६७), **'पहेंलो गुलाफ' कथाको शैली वैज्ञानिक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोध पत्र, जनज्योति क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, कञ्चनपुर ।

- पोखरेल, बालकृष्ण र अन्य (२०५०), **नेपाली बृहत् शब्दकोश**, पुनः मुद्रण काठमाडौँ : राजकीय प्रज्ञा प्रतिष्ठान ।
- बम, इन्द्रबहादुर (२०६४), **'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको शैली वैज्ञानिक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि. कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।
- बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौं : रत्नपुस्तक भण्डार ।
- भण्डारी, कृष्णप्रसाद (२०६०), **अनुसन्धान पद्धति, काठमाडौं** : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।
- भण्डारी, पारसमणि (२०५३), **प्रायोगिक भाषाविज्ञानका केही पक्ष**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
- ..............................(२०५४), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**, काठमाडौं : न्यु हिरा बुक्स पब्लिकेसन ।
- शर्मा, मोहनराज (२०४८), **शैलीविज्ञान सिद्धान्त र आलोचना**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

०००